# नेपालमा चन्दा संकलन र व्यवस्थापनको बस्तुस्थिति अध्ययन

मार्टिन चौतारी
सामाजिक विकास तथा अनुसन्धान केन्द्र
काठमाडौं, नेपाल

साउन २०५७

MARTIN CHAUTARI
LIBRARY
KTM, NEPAL

# नेपालमा चन्दा संकलन
# र व्यवस्थापनको बस्तुस्थिति अध्ययन

*अध्ययन टोली*
डा. प्रत्यूष वन्त (निर्देशक)
रमेश पराजुली, भास्कर गौतम, देवराज हुमागाईं र सञ्जोग रुपाखेती

मार्टिन चौतारी
सामाजिक विकास तथा अनुसन्धान केन्द्र
पोष्ट बक्स नं १३४७०
फोन नं २४६०६५, फ्याक्स : २४००५९
इमेल : chautari@mos.com.np
काठमाडौं, नेपाल

साउन २०५७

## *हामी आभार ब्यक्त गर्न चाहन्छौं –*

यस अनुसन्धान गर्न हौस्याउने, अनुसन्धानमा आर्थिक सहयोग गर्ने एक्सन एड नेपाल, सम्पादनमा सहयोग गर्ने रमा पराजुली तथा अनुसन्धानका क्रममा प्रत्यक्ष अप्रत्यक्ष सहयोग गर्ने सबैलाई

र, विशेष गरी

अतिथि सदन, बिराटनगर
कामना प्रकाशन समूह, काठमाडौं
काठमाण्डौ महानगर पालिका, वडा नं १७
केशव गौतम, एक्सन एड नेपाल
नरदेवी कार्की, नेपाल अपांग उत्पीडित महिला समाज
पञ्चेश्वर सेवा समिति
परोपकार संस्था
प्रभाकर गौतम
बिकास त्रैमासिक पत्रिका
मानसिंह महर्जन, मनमैंजु
म्हेपी भजन मण्डली, म्हेपी
रत्न संसार श्रेष्ठ, विनरक/रेप्सो नेपाल
रीता थापा, टेवा
रेहना वैद्य, कुपण्डोल
शिजु उपाध्याय, एक्सन एड नेपाल
डा. शुद्ध एस. रौनियार, बाल भोजन कार्यक्रम
डा. सुशिल कोइराला, नेशनल डेन्टल हस्पिटल
त्रि. वि. केन्द्रीय पुस्तकालय, कीर्तिपुर
साथै,
मार्टिन चौतारीमा २० असार २०५७मा चन्दा-गुठीबारे भएको छलफलमा सहभागी भई सल्लाह/सुझाब दिने सबैलाई।

*–प्रत्युष वन्त, रमेश पराजुली, भास्कर गौतम, देवराज हुमागाईं र सञ्जोग रुपाखेती*

मार्टिन चौतारी
सामाजिक विकास तथा अनुसन्धान केन्द्र
साउन २०५७

# विषय सूची

*आभार*

| | |
|---|---|
| १. नेपाली समाज र चन्दा | १ |
| २. धार्मिक क्षेत्रमा चन्दा | ६ |
| ३. शिक्षा क्षेत्रमा चन्दा | १५ |
| ४. स्वास्थ्य क्षेत्रमा चन्दा | २२ |
| ५. सामाजिक क्षेत्रमा चन्दा | २७ |
| ६. व्यापारिक क्षेत्र र चन्दा | ३७ |
| ७. निश्कर्ष | ३९ |
| ८. सन्दर्भ सामग्री | ४२ |

परिच्छेद १

# नेपाली समाज र चन्दा

*प्रत्यूष वन्त र रमेश पराजुली*

'काठमाडौं मनमैजुका मानसिंह महर्जनले आफुले ज्यामी काम गरी कमाएको पैसाले विद्यालय निर्माण गरिदिएका छन्' (हिमालय टाइम्स, २७ चैत २०५६)।

'काकडभिट्टाका सडकहरुमा भीख मागेर गुजारा गर्ने अपाङ्ग हरिनारायण लुइटेलले भीखबाट आर्जित रकम पनि स्थानीय विद्यालयलाइ प्रदान गरेका छन्' (गोरखापत्र, २९ माघ २०५६)।

गत वर्ष छापिएका समाचारका यी दुइ नमूनाले समग्र नेपाली समाजको केही हिस्सालाई प्रतिनिधित्व गर्छन् भनेर मान्ने हो भने नेपाली समाजमा चन्दा, दान दिने प्रचलन रहेको छ भन्न सकिन्छ।[१] विगतमा पनि मानवीय कार्यका लागि चन्दा, दान दिने प्रचलन रहेको पाइन्छ (जस्तो: शंखधर शाख)।[२] माथिका उदाहरणबाट चन्दा, दान दिन अथवा लोकोपकारी कार्य गर्न यथेष्ट धन हुनै पर्छ भन्ने नभएको पनि स्पष्ट हुन्छ।

चन्दा, दान दिने तथा हितकारी कार्य गर्ने परम्परा सबै धर्म र संस्कृति संग गाँसिएको छ। सबै धर्मले परोपकारलाई प्रमुखता दिएको पाइन्छ। यस्तै बिभिन्न जात जातीमा लोकोपकारी कार्य गर्ने संस्कृति विद्यमान छ (जोशी तथा अरुहरु २०५६)। परंपरागत रुपमा नेपाली समाजमा इनार कुवा खनाउने, चौतारी, पाटी, पौवा, सत्तल आदि स्थापना गर्ने, मन्दिर देवल निर्माण गर्ने, पुजा यज्ञ लगाउने, गरीव गुरुवालाइ भोजन गराउने प्रचलन रहँदै आएको छ।

यश, कीर्ति फैलने विश्वासमा मानिसहरु चन्दा दान दिने अथवा अन्य मानवीय सहयोग गर्न तत्पर भएको पाइन्छ। व्यक्तिगत लाभ भन्दा पनि दानका कारण हासिल हुने आत्म सन्तुष्टी, सामाजिक सम्मान, यश-कीर्ति, तथा धार्मिक विश्वासका कारण पनि समाजमा लोकोपकारी कार्यमा खर्च गर्ने प्रचलन रहेको छ। चन्दा दिने प्रचलन परलोक सुधार्ने विश्वासमा पनि गरेको पाइन्छ।

विगत केही वर्ष यताका क्रियाकलापलाई सरसरी हेर्दा व्यक्तिगत वा संस्थागत हिसाब बाट बिभिन्न किसिमका चन्दा दिने वा निर्माणका कार्य भएको पाइन्छ। अस्पताल वा स्वास्थ्य केन्द्रलाई आवश्यक पर्ने भवन र सामग्री जुटाउन चन्दा दिने, घाट, पाटी, पौवा, सत्तल निर्माण एवं जिर्णोद्धार गर्ने, मन्दिर जिर्णोद्धार गर्ने, बृद्धाश्रम बनाउने, बाटाघाटा, कुला–कुलेसा निर्माण गर्ने, साहित्यिक पुरस्कार स्थापना गर्ने, बुहारीलाई पढ्ने अवसर उपलब्ध गराउन छात्रवृत्तिको स्थापना गर्ने जस्ता कामहरु देशका बिभिन्न भागमा भइरहेका समाचार सञ्चारका माध्यमबाट प्रसारित भइरहेका छन्। यस्ता दान वा चन्दाको किसिम र परिमाण फरक हुन्छ। 'कीर्तिको लागि', 'समाजमा नैतिकता बढाउन', 'सामाजिक मर्यादा बृद्धि गर्न', 'न्याय संगत समाज निर्माण गर्न, हुनेखानेले नहुनेका लागि

---

[१] चन्दा, दान भनेर यहाँ स्वेच्छाले अरु कसैको भलाइको लागि आफ्नो स्वामित्वमा रहेको नगद, जिन्सी, श्रम अथवा समय प्रदान गर्नु हो भनेर मानिएको छ।

[२] शंखधर शाखः मुलत एक ब्यापारी थिए तर देशकै ऋण मोचन गर्नका लागि आफ्नो ढुकुटी खोलिदिएको विश्वास गरिन्छ। उनको त्यसै योगदानलाई कदर गर्दै राष्ट्रले उनलाई गत वर्ष राष्ट्रिय विभूति घोषणा गऱ्यो (जोशी तथा अरुहरु २०५६)।

केही गर्नुपर्छ' भन्ने बिभिन्न तर्क सहित पनि यस्ता काम भएको हामी पाउँछौ (वन्त २०५६) । बाढी, पैरो, अनिकाल, भोकमरी, भुकम्प जस्ता प्राकृतिक विपत आइलाग्दा बिभिन्न संघ, संस्थाको तत्वावधानमा, वा राज्यको आग्रहमा अथवा व्यक्तिगत तत्परतामा नगद, जिन्सी, लत्ताकपडा, रगत आदि दान गरेको पाइन्छ ।

## अनुसन्धानको पृष्ठभूमि

नेपाल निर्धनतम मुलुकहरु मध्ये एक हो । गरीव मात्र होइन, मानव विकास प्रतिवेदन १९९९का अनुसार भारतीय उपमहाद्विपका अरु देशको तुलनामा यहाँ धनी र गरीवहरु बीचको दुरी पनि सबै भन्दा फराकिलो छ । देशबाट गरीवी हटाउन र धनी र गरीवबीचको आर्थिक विभेद कम गर्न गएका पाँच दशकमा विभिन्न प्रयासहरु भए । जबदेखि मुलुकमा पञ्चवर्षीय योजना बनाउन थालियो तब देखि नै गरीवी निवारणलाई प्रमुखता दिए पनि गरीव मानिसको कुल संख्या बढदै गइरहेको छ । विभेद कम गर्न बनाइएका अधिकांश आयोजनाहरु विदेशी ऋण वा अनुदानका आधारमा लागु गरियो । विदेशीले जे दियो त्यहि लिने र विदेशीकै अनुभव र अपेक्षामा सञ्चालन भएका त्यस्ता आयोजनाले गरीवी घटाउने भन्दा परनिर्भर बनाइदिएको तर्क हिजोआज योजनाकार नै गर्छन् । विदेशी सहयोगमा सम्पन्न हुने आयोजनामा हिजो मात्र होइन आज पनि आशातित प्रतिफल प्राप्त हुन सकिरहेको छैन । राष्ट्रिय योजना आयोगले हालै गरेको एक समीक्षा अनुसार विदेशी सहयोगमा सम्पन्न भएका आधा भन्दा बढी आयोजना त असफल हुने गरेका छन् ।

बैदेशिक सहयोगमा सम्पन्न आयोजनामा नेपालीहरुको सक्षमताको खासै प्रयोग नगरिने र विदेशी पैसा भन्नासाथ छेलोखेलो पैसा हुनुपर्छ भन्ने मानसिकता रहेको छ । त्यसले पारदर्शिता र जिम्मेवारीपनलाई पनि नकारात्मक असर पारेको छ र काम प्रभावकारी हुन सकेको छैन । यो मानसिकतबारे धेरै विज्ञ र विदेशी सहायतादाताहरु पनि सहमत छन् । सरकारले समेत गत वर्षको बजेट भाषणमा त्यस्तै प्रकारको मानसिकता नियन्त्रण गर्ने उद्देश्यले विदेशी सहयोग नेपाललाई आवश्यक पर्ने आयोजनाका लागि मात्र स्वीकार गर्ने नीति बनाउने घोषणा गरेको थियो । त्यसै अनुरुप बैदेशिक सहायता नीति बनाउने कार्य सम्पन्न भैसकेको छ र अन्तिम रुपमा सार्वजनिक गर्ने प्रक्रियामा रहेको छ । नीति बनाउने विषयमा नेपालस्थित मुख्य दाताहरु सहमत छन् । बैदेशिक सहायतामा मात्र भर पर्नु परनिर्भरता हुने र कार्यक्रम पनि दिगो नहुने विषयमा बहश शुरु भएको छ । स्थानीय स्रोत र साधनलाई विकास कार्यमा कसरी लगाउन सकिन्छ भन्ने विषयमा सार्वजनिक चासो र बहस बढदो छ । केही वर्ष यता स्थानीय स्रोत र साधनलाई विकास कार्यमा परिचालन गर्ने विषयमा योजनाकार र विज्ञहरुबीच पनि बहस चल्दै आएको छ ।

विशेष गरी प्रजातन्त्रको पुनस्थापना पछि खुलेका सयौं गैर सरकारी संस्था (एनजीओ) हरुको सक्रियता र तिनलाई सहयोग गर्ने अन्तराष्ट्रिय गैर सरकारी संस्था (आइएनजीओ)को पहलमा 'स्थानीय सहभागिता' र 'स्थानीय स्रोत' परिचालनको कुरा चर्को रुपमा उठेको र व्यवहारमा प्रयोग गर्ने कोशिस गरेको पाइन्छ । तैपनि विकास कार्यमा स्वदेशी स्रोत आशातित रुपमा प्रयोग हुन सकेको छैन । विदेशको मुख ताक्ने प्रवृत्ति बढेको छ भन्नेहरुको संख्या प्रशस्त छ । नियमतः सरकारलाई नागरिकहरुले बुझाउनु पर्ने राजस्व नबुझाउने गरेको स्थिति एकातर्फ छ भने अर्को तर्फ सार्वजनिक चन्दा दान गर्न सक्ने नागरिक समाजका तर्फबाट कमै मात्र स्रोत र साधनहरु उपलब्ध भइरहेको छ । यो सन्दर्भमा समाज विकासका काम गर्न के कति आन्तरिक श्रोतहरु चन्दा दानको स्वरुपमा प्रयोग भइरहेका छन् भन्ने प्रारम्भिक निर्क्यौल गर्नुपर्ने भएको छ । यो अनुसन्धानको प्रमुख उद्देश्य यही हो ।

पश्चिमा मुलुकहरुमा नागरिक समाजबाट चन्दा संकलन गर्ने प्रचलन ब्यापक भैसकेको र त्यसबाट औपचारिक रुपमा समाज सेवाका कार्यक्रमहरुले जरा गाडदै गरेको समयमा नेपालमा राणाहरुले शासन सत्ताको बागडोर संहालीरहेका थिए । राणा शासकहरु आफ्नो शासन ब्यबस्थामा खलल पुग्छ भन्ने सोचेर जनतालाई कुनै पनि प्रकारका सामाजिक कार्य गर्न प्रोत्साहित गर्दैनथे । राजाको नेतृत्वको पंचायती ब्यवस्थाको सोच उस्तै थियो – जनताले आफुले लाए अह्राएको काम मात्र गरुन् र त्यो पनि सरकारी संरचना भित्र बसेर । राणा शासनको अन्त सँगसँगै नेपाल भित्रिन थालेको बैदेशिक सहयोगमा आधारित कार्यक्रमहरुले नेपाललाई परिवर्तनको क्षेत्रमा खासै डोहोऱ्याएन । पञ्चायत समयमा सरकारले सामाजिक कार्य गर्ने योजना अघि सारे पनि नागरिक समाजलाई स्वतन्त्र रुपमा संलग्न गराइएन । बरु सरकारी सहयोग विना केही काम गर्न खोज्नेलाई शंकाको दृष्टिले हेर्ने र दुख दिने गरियो । संगठन गर्नु वा गैर सरकारी कार्य गर्नु धेरै असजिलो भएकाले नागरिक समाजको सक्रियता विकासका काममा भन्दा राजनीतिक कार्यमा अल्झियो ।

प्रजातन्त्र पुनस्थापना पछि स्थिति फेरिएको छ । समुह बनाउने र काम गर्ने भन्ने सोच बढ्दो छ । गैर सरकारी संस्थाका नाममा नराम्रा काम केहीले गरे पनि राम्रा काम गर्नेहरु पनि हुन्छन् भन्ने उदाहरण उपलब्ध छन् । गैर सरकारी समुहको नेतृत्वमा विदेशी ऋण मात्र लिएर काम गर्ने सोच भन्दा अघि बढेर नेपाली समाजबाटै पैसा उठाएर कार्य गर्ने प्रवृति पनि शुरु भएको छ । गाउँ गाउँमा खडा गरिएका आमा समुह अथवा टोलको समुहले दिनको एक दुइ रुपैया उठाएर माइक्रोक्रेडिट वा अन्य किसिमका आर्थिक कारोबारहरु सम्पन्न भइरहेका छन् । त्यसले गाउलेहरुकै रकम लगानी गरेर बन्ने साना उद्यमीहरुको संख्या बृद्धि भइरहेको छ भने गरीवी निवारणमा ठूलो निकाय नभएर जो गरीव छ उही लागेकाले तुलनात्मक रुपमा सफलता पनि हात लागिरहेको छ ।

प्रजातन्त्र पुनस्थापना पछिको हाम्रो जस्तो खुला समाजमा राजनीति, बजार र नागरिक समाजको त्रिकोणात्मक सम्बन्ध हुन्छ । यी तीन अंगहरु एक अर्कालाई नियन्त्रणमा राख्न खोजिरहेका हुन्छन् । राजनीतिले बजारको खेल नियम र नागरिक समाजको काम कर्तब्यलाई असर र नियन्त्रण गर्न सक्छ । तर बलियो बन्दै गएको बजारले राजनीतिलाई नाफामुखी पुँजीपतिहरुको हित अनुरुप र नागरिक समाजका सबैलाई खाली उपभोक्ताको रुपमा परिणत गर्न खोजिरहेको छ । बजार र राजनीतिका दानवीय पक्षहरुलाइ नैतिक बलको आधारमा नियन्त्रण गर्ने काम भर्खरै बामे सर्न थालेको नागरिक समाजका संस्था र ब्यक्तिहरुबाट शुरु भएको छ । नागरिक समाजले राजनीतिमा भ्रष्टताको अन्त र बजारले पेल्न सक्ने उपभोक्ताहरुको हकहित बाहेक सरकार र बजारको सेवाबाट बञ्चित नागरिकहरुसम्म पुग्ने जमर्को गर्न थालेको छ । तर नागरिक समाजको सक्षमता मुख्यत: विदेशी सहयोग र अनुदानमा आधारित छ । यही कारणले नागरिक समाज अन्तर्गतका संस्थाहरुको विविधता र सक्षमतामा केही अवरोध उत्पन्न भएका छन् । उदाहरणको लागि दाताहरुको स्वाद अनुरुप यस्ता संस्थाहरुको काम वा चासोमा ध्यान परिवर्तन हुने गरेको छ ।

नागरिक समाजले दिन सक्ने सेवा, यसले गर्न सक्ने राजनीति र बजार माथिको निगरानीलाई प्रवल बनाउन नेपालमा चन्दा संकलनको प्रवृति तीव्र बनाउनुपर्ने बेला भैसकेको छ । कमाएको अथवा आफू संग भएको धनको न्युनतम प्रतिशत रकम नियमित रुपमा सामाजिक विकासका लागि चन्दा दिने प्रक्रिया मजबुत र ब्यबस्थित हुन सके नेपालीहरुबाटै यथेष्ट रकम जम्मा हुन सक्छ । नेपाल आउने विभिन्न किसिमका विदेशी गैर सरकारी अनुदान सहयोगहरु त्यस्तै प्रकारका चन्दाबाट संकलित रकम हो । हजारौं नेपालीहरु त्यस प्रकारको नियमित चन्दा प्रदान गर्न सक्षम छन । यस्ता चन्दा संकलन र संकलित रकम प्रभावकारी रुपमा परिचालन गर्ने आधुनिक चन्दा-गुठीको संख्या

समाजमा छ्याप्छ्याप्ती बढेर जानु आवश्यक छ ।[३] यसरी परिचालित हुने चन्दाले स्वास्थ्य, शिक्षा, संचार, संस्कृति, विकास निर्माण आदि क्षेत्रमा महत्वपूर्ण भूमिका खेल्न सक्छ । उल्लेखित क्षेत्रमा काम गर्न चाहने ब्यक्ति वा संस्थालाई आवश्यक पर्ने आर्थिक स्रोत यस्ता चन्दाबाट जुटन सक्छ । नागरिक समाजको सक्षमतालाई दिगो रुपमा बृद्धि गर्न सक्ने चन्दा दान हाम्रो समाजमा के कति कामको लागि र कुन आयतनमा भइरहेको छ भन्ने विषयलाई केलाउनु पनि यो अध्ययनको उद्देश्यभित्र परेको छ ।

हाम्रो समाज विषम छ । धनी र गरीवहरु प्रशस्त छन् । धनीहरु अथवा केही हुने खानेहरुले नियमित रुपमा सानो अंश चन्दाको रुपमा समाजको भलाइका लागि दिनु समस्या हुने कुरा होइन । तर सजिलै उपलब्ध हुन सक्ने चन्दा र दानबारे उदार ब्यक्तिहरुबीच पनि चेतना बढिसकेको छैन । दिन चाहने र लिन चाहनेहरुबीच सँधै सामञ्जस्य पनि छैन । कसैले कसैलाई सहयोग सिधै दिन अथवा कुनै संस्थाको आह्वान र ब्यवस्थापनमा चन्दा संकलन गर्न विश्वासको वातावरण आवश्यक हुन्छ । चन्दा संकलन गर्ने संस्थाहरुले आफुले दिएको चन्दा इमान्दारीपूर्वक खर्च गर्छन भन्ने विश्वास भएमा  धेरैले चन्दा दिनेछन् भन्ने नेपालकै केही संस्थाले प्रमाणित गरिसकेका छन् । यो कुरालाई ध्यानमा राखी चन्दा संकलन र परिचालन कुन पक्रियाले भइरहेका छन् भन्ने खोतल्नु पनि यो अध्ययनको उद्देश्य हो ।

## अनुसन्धानको उद्देश्य

ब्यक्तिगत अथवा पारिवारिक हिसाबले चन्दा, दान कार्य सम्पन्न हुँदै आइरहेको विषयमा कुनै विवाद छैन । त्यस्तै कतिपय उदाहरणले स्थानीय स्तरमा स्थानीय स्रोत साधनहरु समग्र समाजको हितका खातिर परिचालन भैरहेका छन् भन्ने प्रष्ट्याउँछन् । धेरै जसो उदाहरणमा दिने र लिनेको बीच सिधा संपर्क भएको देखिए पनि दिने र लिने बीच मध्यस्थको भूमिका खेल्ने संस्थाहरु पनि एका दुइ देखा पर्न थालेका छन् । जसको राम्रो उदाहरण टेवा नाम गरेको संस्था हो । अहिलेको नेपालमा भइरहेका यस्ता चन्दा दानको प्रकार, दिने तरीका तथा त्यसको आयतनका बारेमा यथेष्ट जानकारी छैन । यस्ता चन्दा दानको बस्तुस्थिति र प्रवृत्ति बारे यहाँ प्रारम्भिक अध्ययन गर्न खोजिएको छ । यो अध्ययनको उद्देश्य यि हुन् ।

- नेपालीले नेपाल भित्र दिने गरेको चन्दा, दान अथवा लोकोपकारी कार्यहरुको प्रकारको फेहरिस्त तयार गर्ने ।
- हालैका वर्षहरुमा नेपालीहरुको चन्दा दान दिने प्रचलन र आयतनमा बृद्धि अथवा अवनति आएको छ ?
- यस्ता चन्दा, दान प्रदान गर्ने स्थानीय प्रचलन के के छन् ? यस्ता लोकोपकारी कार्यहरु कसरी कार्यान्वित गरिएका छन् ? के यस कार्यमा कुनै मध्यस्थकर्ता (ब्यक्ति या संस्था)को भूमिका रहेको छ ? यदि छ भने तिनको प्रकृति कस्तो छ ?

---

[३] 'आधुनिक' भन्ने शब्दले संस्थाको नयाँ समयका नया चुनौतिहरुसँग सामना गर्न आफुलाई रुपान्तरित गर्न सक्ने सक्षमतालाई जनाउँछ । 'चन्दा गुठी'ले चाहिं दानबाट जम्मा भएको नगद, जिन्सि, श्रम वा ब्यक्तिको समयलाई ब्यबस्थित रुपमा प्रयोग गर्न सक्ने संस्थागत सक्षमतालाई जनाउँछ ।

- संगठित रुपमा कोष तयार गर्ने संस्थाहरु (यदि छन् भने)को कार्य प्रक्रिया, संगठनात्मक स्वरुपको, सफल उदाहरण आदिका बारेमा जानकारी संकलन गर्ने ।

- किन नेपाली ब्यवसायिक/ब्यापारिक क्षेत्र चन्दा दान अथवा लोकोपकारी कार्यको ठुलो स्रोत हुन सकेको छैन ?

- नेपालीहरुको चन्दा दान दिने प्रक्रियालाई अझ अगाडि बढाउन के कस्ता संस्थागत/संरचनागत परिवर्तनहरुको आवश्यकता छ ?

## अनुसन्धान विधि

यस अध्ययनका लागि छापामा चन्दा, दान, लोकोपकारी कार्यहरु सम्वन्धी विगत ४ वर्षको अवधि (वि सं २०५३-२०५६)मा प्रकाशित सामग्रीहरु संकलन गरियो । यसका लागि तीनवटा राष्ट्रिय दैनिकहरु – *कान्तिपुर, गोरखापत्र* र *नेपाल समाचारपत्र*[४] – मा प्रकाशित सामग्री संग्रह गरियो । यसरी संकलित छापाका सामग्रीहरुनै यस अध्ययनका लागि प्राथमिक स्रोत सामग्रीका रुपमा रह्यो । सामग्रीलाई चार मुख्य क्षेत्र – धर्म, शिक्षा, स्वास्थ्य र सामाजिक सेवा – मा विभक्त गरियो । यी चारवटै मुख्य क्षेत्रमा भए गरेका चन्दा, दान र लोकोपकारी कार्य संबन्धी छापा सामग्रीहरुको अध्ययन/विश्लेषण गरी चाखलाग्दा र महत्वपुर्ण कार्य, प्रक्रिया र ब्यक्तिको छनोट गरियो । यसरी चयन गरिएका घटनासँग संबन्धित ब्यक्तिहरु सँग संपर्क गरी बिस्तृत जानकारी लिने र विश्लेषण गर्ने प्रयास गरिएको छ ।

## अनुसन्धानको सीमा

यो अध्ययनको मुख्य स्रोत छापामा प्रकाशित चन्दा दान संबन्धी सामग्री भएकाले अप्रकाशित, छापाले समेट्न नसकेका, नभ्याएका महत्वपुर्ण चन्दा दानका घटनाहरु अध्ययनको पहुँच बाहिर रहेको छ । छापामा आएका चाखलाग्दो अथवा महत्वपुर्ण घटनाबारे थप जानकारी लिन काठमाडौं उपत्यकाभित्रका केही ब्यक्ति वा संस्थासँग भेटघाट गरिएको थियो । तर काठमाडौंबाट बाहिर भएका त्यस्ता घटनाहरुबारे थप विवरण लिन यो अध्ययनमा संभव भएन ।

साहित्यका क्षेत्रमा दिनहुँ जस्तै पुरस्कारहरु प्रदान गरिएको समाचार सुन्न पाइन्छ । त्यस्ता पुरस्कार स्थापना गर्नका लागि कोष, ट्रष्ट जुटाइएको हुन्छ । यसबारे केही अध्ययन भैसकेको छ । त्यसैले यस अध्ययनमा साहित्यिक क्षेत्रलाई समेटिएको छैन ।

---

[४] लेखनीमा कतै नेपाल समाचारपत्र र कतै आजको समाचारपत्र भएको छ । पहिलेको 'आजको समाचारपत्र'को नाम फेरिएर 'नेपाल समाचारपत्र' बनेको हो ।

परिच्छेद २

# धार्मिक क्षेत्रमा चन्दा

*देवराज हुमागाईं*

नेपालमा धर्म प्रति आस्थावान जनता बहुसंख्यक छन् । अन्य क्षेत्रको तुलनामा धार्मिक कार्यमा बढी नै जनसहभागिता भएको पाइन्छ । पछिल्लो चार वर्षलाई अध्ययन गर्दा धार्मिक क्षेत्रमा मूख्यतः तीन किसिमका कार्यमा जनस्तरबाट बढी चासो देखाइएको पाइन्छ : १) मन्दिर निर्माण/जिर्णोद्धार २) यज्ञ, शिव पुराण वा सप्ताह र ३) पाटी, पौवा, पोखरी, घाट, इत्यादि । यसमा पनि मन्दिर निर्माण/जिर्णोद्धारको तुलनामा अन्य कार्यहरु कम पाइन्छ । कुनै समयमा 'घर भन्दा मन्दिर धेरै र मानिस भन्दा मूर्ति धेरै' भनिने काठमाडौं उपत्यकामा यो चार वर्षको आँकडा हेर्दा नयां मन्दिर निर्माण हुने क्रम घट्दै गएको पाइन्छ भने मोफसलमा बढ्दै गएको पाइन्छ । मोफसलमा सञ्चालन भै रहेका कार्यहरु, पत्र पत्रिकामा कम आउने गर्छन् । पुराना मन्दिर, पाटी, पौवा तथा ढुंगेधाराको निर्माण तथा जिर्णोद्धार गर्ने कार्य पुरातत्व बिभाग अन्तर्गत पर्छ तर समाज कै वा टोलको मुहार नै विरुप हुने गरी जिर्ण अवस्थामा पुगेर दुर्घटना नै हुने अवस्था पुग्दा पनि पुरातत्व बिभागको ध्यान दिएको पाइन्न । सचेत जनसमुदाय बसोबास गरेको ठाउँमा भने केन्द्रीय वा स्थानीय सरकारको मुख नताकी टोल वा वडा वासीहरु एक जुट भई बिभिन्न चन्दा दाताहरुबाट जो सक्दो दान संकलन गरी कार्यहरु सम्पन्न गरेको पाइन्छ । केही ठाउँमा स्थानीय निकायको ध्यानाकर्षण गराई स्थानीय निकाय र सर्ब साधारणको संयुक्त प्रयासमा बिभिन्न कार्यहरु सम्पन्न गरिएको पाइन्छ ।

निर्माण वा जिर्णोद्धार बाहेक धार्मिक चिन्तनको लागि पनि मानिसहरु उत्तिकै सकृय रहने गरेको पाइन्छ जसमा सत्संग, भजन-कीर्तन, प्रवचन सुन्ने आदि पर्दछ । यसले व्यवहारिक जीवनबाट थाकेको मनस्थितीलाई केही समय भए पनि आराम दिने गरेको भक्तहरु बताउँछन् । कोही यो जन्ममा गरेको धार्मिक चिन्तनबाट पुनर्जन्ममा सुख मिल्ने वा स्वर्गमा स्थान पाइने विश्वास लिई यस्तो धार्मिक कार्य वा चिन्तनमा लागेको पाइन्छ । तसर्थ, उल्लेखित कारणहरुले गर्दा जनस्तरबाट धार्मिक क्षेत्रमा धेरै कार्यहरु भएको देखिन्छ ।

अनुसन्धानबाट प्राप्त तथ्यांक केलाउँदा सार्वजनिक रुपमा धार्मिक कार्यहरु संचालन गर्न जनस्तरबाट चार किसिमका दानहरु संकलित भएको वा गरिएको पाइन्छ जसमा १) नगद दान २) घर वा जग्गा दान ३) जिन्सी दान र ४) श्रम दान पर्दछन् । यस मध्य घर/जग्गा दान र जिन्सी दानको प्राप्त तथ्यांकका आधारमा मौद्रिक मुल्य किटान गरिएको लाई मौद्रिक मुल्य र मौद्रिक मुल्य किटान नगरिएको लाई अमौद्रिक रुपमा जस्ताको त्यस्तै तालिकामा समावेश गरिएको छ । श्रमदान प्रायः मौद्रिक मुल्यमा व्यक्त गरिएकाले मौद्रिक रुपमा समावेश गरिएको छ । निर्माण कार्यमा गरिने सबै श्रमदानलाई प्रायः लागतमा समावेश नगरिएकाले दिइएको भन्दा निकै बढी छ भन्न सकिन्छ । यसो हुनुको प्रमुख कारणमा श्रमदान व्यवस्थित रुपमा नहुनु हो । पछिल्ला चार वर्षमा सरकारी अनुदान/सहयोग तथा सर्बसाधारणका तर्फबाट भएको चन्दा, दानको फेहरिस्त तलका तालिकाहरुमा दिइएको छ ।

तालिका २.१ समस्त धार्मिक क्षेत्रका कार्यहरुमा संकलित चन्दा दानको विवरण हो । तालिका २.२, २.३ र २.४ चाहीं धार्मिक अन्तर्गत पर्ने कार्यहरुको दानको विवरण भएको हुनाले २.२, २.३ र

२.४ को जोड नै तालिका २.१ हो । यी तालिकाहरुले धार्मिक क्षेत्रमा भएका कार्यहरुमा जनता र सरकारको के कस्तो संलग्नता रहने गरेको रहेछ भन्ने थाहा पाउन सकिन्छ ।

तलका तालिकाहरुमा घर/जग्गा र जिन्सी लाई मौद्रिक र अमौद्रिक मा छुट्याइएको छ किनकी हामीलाई प्राप्त तथ्यांक सवै मौद्रिक मूल्यमा व्यक्त गरिएका छैनन् र स्थान र समय अनुसार जग्गा वा जिन्सीको मूल्य फरक-फरक हुने भएकोले मौद्रिकमा व्यक्त गरेर राख्दा वास्तविक भन्दा फरक हुन सक्ने हुँदा जस्ताको त्यस्तै समावेश गरिएको छ । यस बाहेक पत्र पत्रिकामा प्रकाशित भए पनि स्पष्ट रुपमा मूल्य किटान नभएका (जस्तै: 'आवश्यक जग्गा मन्दिरको लागि प्रदान गर्नुभयो', 'सम्पूर्ण ज्यामी खर्च बेहोर्नु भयो', 'यज्ञमा सयौं मन अन्न संकलन गरियो') लाई पनि तालिकामा समावेश गरिएको छैन ।

तालिका २.१ समस्त धार्मिक क्षेत्रमा भएको कुल चन्दा, दान

| वर्ष | रकमको किसिम | नगद रु. | घर/जग्गा | | जिन्सी सामाग्री | | श्रम रु. |
|---|---|---|---|---|---|---|---|
| | | | मौद्रिक रु | अमौद्रिक | मौदिक रु | अमौद्रिक | |
| २०५३ | जनस्तरबाट चन्दा वा दान | २५,०९,१४० | ३,५५,००० | १३.८१५ रोपनी | ३,१४,००० | २० तोला सुन, ५५ थान गणेश मूर्ति | ३,०३,००० |
| | सरकारी | १,२६,३१६ | | | | १४ थान जस्ता | |
| २०५४ | जनस्तर | १,३२,६३,१९३ | ३२,६३,००० | २४.३२५ रो. | १५,००० | चांदीको गजुर (देवी मन्दीरमा) | ८,६२,७७५ |
| | सरकारी | १२,१९,५०० | | | | ५० बोरा सिमेन्ट, १५६ वटा जाली | |
| २०५५ | जनस्तर | १,३१,८१,८५९ | २,१०,५०,००० | २.०४ रो. | ७,५०,००० | ९७ तोला ७ मासा सुन | ३,२२,००० |
| | सरकारी | ६,६५,००० | | | | ५० तोला सुन | |
| २०५६ | जनस्तर | १०,८७,१९,८३८ | १,१४,३५,००० | ९३.५ रो. | ४,५३,५०० | धान ७६३ क्वीन्टल चामल ३० क्वी. आटा १५ क्वीन्टल | १०,७०,९०० |
| | सरकारी | ७१,३८,५०० | | | १,५०,००० | | |
| कुल | जनस्तर | १३,७६,७४,०३० | ३,६१,०३,००० | १३३.६८ रो. | १५,३२,५०० | ११७ तोला ७ मासा सुन, धान ७६३ क्वी. चामल ३० क्वी.,आटा १५ क्वी., चाँदी गजुर, ५५ थान गणेश मुर्ती | २५,५८,६७५ |
| | सरकारी | ९१,४९,३१६ | | | १,५०,००० | ५० तोला सुन, १४ थान जस्ता, ५० वोरा सिमेण्ट, १५६ वटा जाली | |

तालिका २.२ मन्दिर, सत्संग भवन निर्माण/जिर्णोद्धार कार्यमा प्राप्त चन्दा, दान

| वर्ष | रकमको किसिम | नगद रु. | घर/जग्गा | | जिन्सी सामाग्री | | श्रम रु. |
|---|---|---|---|---|---|---|---|
| | | | मौद्रिक रु | अमौद्रिक | मौदिक रु | अमौद्रिक | |
| २०५३ | जनस्तरबाट चन्दा | १६,८१,१४० | ३,५५,००० | १३.८१५ रो. | ३,१४,००० | सुन २० तोला, ५५ थान गणेश मूर्ति | ३,०३,००० |
| | सरकारी | १,२६,३१६ | | | | १४ थान जस्ता | |
| २०५४ | जनस्तर | १,२२,७३,०३२ | ३१,७०,००० | २४.३२५ रो. | | चाँदीको गजुर (देवी मन्दिरमा) | ३,६२,७७५ |
| | सरकारी | ९,१९,५०० | | | | १५६ वटा जाली ५० बोरा सिमेन्ट | |
| २०५५ | जनस्तर | १,२७,७४,८५९ | २,१०,५०,००० | २.०४ रो. | ७,५०,००० | ९७ तोला ७ मासा सुन | ३,२२,००० |
| | सरकारी | ३,६५,००० | | | | ५० तोला सुन | |
| २०५६ | जनस्तर | ९,५८,६९,५८९ | १२,३५,००० | ९३.५ रो. | | | १०,६२,९०० |
| | सरकारी | ७१,३८,५०० | | | १,५०,००० | | |
| कुल | जनस्तर | १२,२५,९८,६२० | २,५८,१०,००० | १३३.६८ रो. | १०,६४,००० | ११७ तोला ७ मासा सुन चाँदीको गजुर, ५५ थान गणेश मूर्ति | २०,५०,६७५ |
| | सरकारी | ८५,४९,३१६ | | | १,५०,००० | ५० तोला सुन, १५६ वटा जाली ५० बोरा सिमेण्ट, १४ थान जस्ता | |

धार्मिक क्षेत्रमा विगत चार वर्षमा जनस्तरबाट मौद्रिक मूल्य उल्लेख गरिएको चन्दा दानको कुल योग रु. १७,७८,६८,२०५ (सत्र करोड अठहत्तर लाख अठसठ्ठी हजार दुई सय पाँच रुपियाँ) हुन आउँछ। यस अबधिमा सरकारी स्तरबाट कुल रु. ९२,९९,३१६ (बयान्नव्बे लाख उनान्सय हजार तीन सय सोह्र रुपियाँ) प्रदान गरिएको पाइन्छ। सरकारी र जनस्तरबाट कुल रु. १८,७१,६७,५२१ (अठार करोड एकहत्तर लाख सतसठ्ठीस हजार पांच सय एक्काइस रुपैयाँ) संकलन भएको देखिन्छ। उठेको

कुल रकम मध्ये ९५ प्रतिशत जनस्तरबाट चन्दा, दान संकलन गरेको देखिन्छ भने ५ प्रतिशत मात्र सरकारी स्तरबाट अनुदानको रुपमा प्राप्त हुन आएको देखिन्छ। यो चार वर्षको अवधिमा उठेको दान वा चन्दाको प्रवृत्ति हेर्दा धार्मिक क्षेत्रमा सहयोग वा दान गर्न चाहनेहरुको पंक्ति वर्षै पिच्छे बढ्दै गएको देखिन्छ।

तालिका २.३ यज्ञ, पुराण, सप्ताह आदि बाट संकलित चन्दा, दान

| वर्ष | नगद रु. | घर/जग्गा | | जिन्सी सामाग्री | | श्रम रु. |
|---|---|---|---|---|---|---|
| | | मौद्रिक रु. | अमौद्रिक | मौद्रिक रु. | अमौद्रिक | |
| २०५३ | ७,२६,००० | | | | | |
| २०५४ | ४,०२,४६३ | ६८,००० | | १५,००० | | |
| २०५५ | १,२०,००० | | | | | |
| २०५६ | १,११,१५,२४९ | १,०२,००,००० | | ४,५३,५०० | धान ७६३ क्वी., चामल ३० क्वी., आटा १५ क्वी. | |
| कुल | १,२३,६३,७१२ | १,०२,६८,००० | | ४,५३,५०० | धान ७६३ क्वी., चामल ३० क्वी., आटा १५ क्वी. | |

तालिका २.४ पाटी पौवा, घाट, ढुंगेधारा, निर्माण/जिर्णोद्वार कार्यमा प्राप्त चन्दा, दान

| वर्ष | रकमको किसिम | नगद रु. | घर/जग्गा रु. | जिन्सी सामाग्री | श्रम रु. |
|---|---|---|---|---|---|
| २०५३ | जनस्तरबाट चन्दा | १,०२,००० | | | |
| | सरकारी | | | | |
| २०५४ | जनस्तर | ५,८७,६९८ | २५,००० | | ५,००,००० |
| | सरकारी | ३,००,००० | | | |
| २०५५ | जनस्तर | २,८७,००० | | | |
| | सरकारी | ३,००,००० (युनेस्को) | | | |
| २०५६ | जनस्तर | १७,३५,००० | | | ८,००० |
| | सरकारी | | | | |
| कुल | जनस्तर | २७,११,६९८ | २५,००० | | ५,०८,००० |
| | सरकारी | ६,००,००० | | | |

## दाताको उद्देश्य

यदि कुनै व्यक्तिले आफ्नो व्यक्तिगत स्वार्थ पूर्ति हुने देखेर अथवा व्यक्तिगत स्वार्थ पुरा गराउनको लागि रकम वा जिन्सी सामान प्रदान गर्दछ वा कसैको धम्कीले गर्दा दिन्छ भने त्यसलाई चन्दा वा दान भन्न सकिन्न । उसले दान गरेको रकम वा अन्य वस्तु स्वेच्छाले व्यक्तिगत उचित वा अनुचित स्वार्थ पूर्ति नगर्नको लागि हुनु पर्दछ । दाताहरुको व्यक्तिगत रुपमा दान गरेर सामाजिक प्रतिष्ठालाई उँचो गराउने वा आत्मसन्तुष्टी प्राप्त गर्ने उद्देश्य भने रहेको हुन सक्छ । अध्ययनको क्रममा विभिन्न दाताहरुको चन्दा, दान प्रदान गर्नुको निम्न उद्देश्यहरु भएको पाइयो ।

*धार्मिक आस्था:* समाजमा धर्म प्रति आस्थावान धेरै व्यक्तिहरु रहन्छन् । यस्ता व्यक्तिहरु धार्मिक कार्य प्रति संलग्न रहन पाउनु गौरवको कुरा ठान्दछन् फलस्वरुप यज्ञ, पाटी पौवा निर्माणमा हर तरहले सहयोग गर्न इच्छुक भएको देखिन्छ ।

*धार्मिक क्षेत्रको विकास:* धार्मिक हिसाबले राष्ट्रिय स्तरमा चर्चित मनकामना, पशुपति, स्वयम्भू, जनकपुर, लुम्बिनी, गोसाइँकुण्ड, मुक्तिनाथ आदि तथा स्थानीय हिसाबले चर्चित म्हेपी मन्दिर, पञ्चेश्वर मन्दिर, गहना पोखरी, काष्ठमण्डप आदि मन्दिर वा धार्मिक स्थल पनि छन् । यस्ता ठाउँहरुमा रहेका मन्दीर, पाटी/पौवाको मर्मत तथा सुधार गर्ने तर्फ दाताको ध्यान गएको देखिन्छ ।

*मृतक आफन्त वा परिवारको सम्झना वा स्मृति:* कतिपय ब्यक्तिहरुले आफ्ना मृतक आफन्त वा परिवारको सम्झना स्वरुप वा उनीहरुको इच्छा अधुरो रहेका कारण दिवंगत आत्माको शान्तीको लागि भनेर विभिन्न किसिमका धार्मिक कार्यहरु गरेको अथवा भै रहेको धार्मिक कार्यका लागि सक्दो दान गरेको प्रशस्त उदाहरण भेटिन्छन् । उदाहरणको लागि आफ्ना स्वर्गीय माता तथा पिताको स्मृतिमा रु. १ लाख पर्ने जग्गामा अरु रु. ३ लाखको लागतमा पाण्डव शिवेश्वर महादेवको मन्दिर स्थानीय समाजसेवी डायमण्ड सम्सेर राणाले निर्माण गरिदिनु भएको छ (गोरखापत्र, ३० कार्तिक २०५४) । त्यसैगरी रुपन्देही जिल्ला आनन्दवन वडा नं. ४ का रुद्र प्रसाद गौतमले बाबु, आमा र श्रीमतीको नाउँमा देवी मन्दिर निर्माणका लागि रु. चार लाख प्रदान गर्नु भएको छ (गोरखापत्र, १८ माघ २०५४) ।

चन्दा संकलन कर्ताहरु घर-घरमा आएर अनुरोध गरेका कारण अरुले सरह आफूले पनि कुनै कार्य गर्नको लागि चन्दा दिनु परेको धेरै व्यक्तिहरुबाट सुन्न सकिन्छ । कुनै कार्य सम्पन्न गर्न विभिन्न किसिमले चन्दा प्रदान गर्ने ब्यक्तिहरुको नाम शिलापत्रमा प्रकाशित गरिने हुंदा उक्त शिलापत्रमा आफ्नो नाम पनि समावेश गरी समाजमा आफ्नो प्रतिष्ठालाई कायम राख्न पनि चन्दा दिने गरेका पाइन्छ । आफ्नो नाममा भएको सम्पत्ति आफू निसन्तान भएका कारण खाने वा जिम्मा दिने मान्छे नभएका कारण त्यस्तो किसिमको सम्पत्ति धार्मिक कार्यहरुमा लगाउने उद्देश्यले पनि दान दिएको पाइन्छ ।

## धार्मिक चन्दा संचालन प्रकृया

धार्मिक क्षेत्रमा मुख्यत: दुइ किसिमले चन्दा दिइएको पाइन्छ : क) व्यक्तिगत वा निजी रुपमा र ख) सामूहिक रुपमा ।

### १) व्यक्तिगत रुपमा

निजी प्रयासबाट पनि धेरै ठूला ठुला धार्मिक कार्यहरु सम्पन्न भएको उदाहरण धेरै ठाउँमा देख्न सकिन्छ । विभिन्न देव देवीको मन्दिर जिर्णोद्धार वा निर्माण गरिदिने, यज्ञ, सप्ताह वा पुराण

लगाउने, पाटी निर्माण गरिदिने आदि । मन्दिर वा पाटी, पौवा, ढुंगे धारा वा धार्मिक पोखरी मर्मत गर्नको लागि सर्व प्रथम पुरातत्व विभागको स्वीकृती लिनु पर्छ । स्वीकृती पाइसकेपछि गर्नु पर्ने सम्पूर्ण कार्यहरु आफ्नै प्रत्यक्ष निगरानीमा गराउने वा आफ्नो व्यक्तिगत श्रमदान वा सम्पूर्ण परिवारलाई खटाएर गर्ने अथवा कसैलाई कार्य सम्पन्न गर्न ठेक्का दिएर आफूले सम्पूर्ण रकम ब्यहोरीदिने गरेको पाइन्छ । नव निर्माण गर्ने सिलसिलामा आफ्नो जग्गामा मन्दिर वा के वनाउने हो त्यसको नाउँमा पास गराई सके पछि निर्माण कार्य थाल्ने गरेको पाइन्छ ।

यज्ञ, सप्ताह वा पुराणहरु व्यक्तिगत खर्चमा सम्पन्न गरेको देखिन्छ । जस्तैः यज्ञमा आवश्यक पर्ने अन्न, दाउरा; पुजारीलाई पारिश्रमिक, खाना, लत्ता, कपडा; भक्तजनहरुको लागि आवश्यक चिया नास्ता फलफूल; यज्ञ गर्ने जग्गाको व्यवस्था आदि कार्यहरु गरिएको देखिन्छ ।

धार्मिक कार्यमा निजी लगानीका उदाहरणः क) देवघाट धार्मिक क्षेत्रको विकासमा सहयोग पुऱ्याउने उद्देश्यले पूर्व सांसद मैयादेवी श्रेष्ठले करिब दश रोपनी जग्गामा बनेको घर (मूल्यः १ करोड ५० लाख) ओम शान्ति मैया देवी ट्रष्ट सेवा संस्था देवघाट, नामको संस्था स्थापना गरी सोही संस्थालाई दान दिनु भएको छ (कान्तिपुर, १६ जेठ २०५५) । ख) कैलाली जिल्ला वस्ने अर्जुन सिटौलाको रु. १७ लाखको निजी लगानीमा तनहुँमा बद्रीनारायण मन्दिर बन्न लागेको छ (गोरखापत्र, ६ असार २०५४) ।

२) सामूहिक रुपमा

कुनै प्रकारको धार्मिक कार्य गर्नु पर्दा वा मन्दिर, पाटी/पौवा निर्माण वा मर्मत गर्नु पर्दा प्रायः सामूहिक रुपमा सम्पन्न भएको देखिन्छ । कामको प्रकृति अनुसार ती क्रियाकलापको संचालन पनि फरक फरक हिसाबले हुने देखिन्छ ।

शताब्दीऔं अघि देखि बनेका मठ, मन्दिर, पाटी पौवा, ढुंगेधारा वा धार्मिक पोखरीहरु अहिले प्रायः जिर्ण अबस्थामा पुगेका छन् । बाटो घाटोका छेउ छाउमा रहेका यस्ता मन्दिरहरु जुनसुकै बेला ढलेर दुर्घटना निम्त्याउन सक्ने भएकाले सर्ब साधारणको ध्यान त्यस तर्फ पुगेको पाइन्छ । त्यस पछि स्थानीय टोलका बासिन्दा, भक्तजनहरु भेला भएर जिर्णोद्धार समिति बनाउने गरेको पाइन्छ । भक्तजनले वडालाई सचेत गराई वडाका सदस्य समेतको सहभागितामा जिर्णोद्धार समिति वनाउने र पुरातत्व विभागको स्वीकृति लिएर काम शुरु गर्ने गरेको पाइन्छ ।

समिति निर्माण प्रकृया कुनै पनि निर्माण वा जिर्णोद्धारको लागी एक महत्वपूर्ण कार्य हो । समिति निर्माण गर्दा कस्ता व्यक्तिको संलग्नता खोजिन्छ भन्ने अध्ययन गर्दा समाजमा विश्वास आर्जित गरेका, धर्म प्रति आस्थावान ब्यक्तिहरु परेको पाइन्छ । यसरी समिति बनाउँदा बिबाद नभई सफलता पूर्वक सम्पन्न भएको पाइन्छ । अर्को तर्फ नातागोता र राजनैतिक हस्तक्षेप हुँदा बिबाद बढ्न गई काम बिचैमा छोड्न परेको पनि यदाकदा पाइन्छ ।

भक्तजनहरु भेला भएर इच्छुक र धेरैले रुचाएका ७ देखि १७ जना सम्म ब्यक्तिहरुको मनोननयन वा निर्वाचन गरी समिति गठन गर्ने गरेको पाइन्छ । कामको प्रकृति अनुसार यो संख्या भन्दा घटी/बढी सदस्य संख्या भएको समिति पनि कतै कतै बनेको देखिन्छ । तर ज्यादै थोरै संख्याको समिति बनाउँदा पनि सबै तिर रेखदेख गर्न नभ्याउने र धेरै जनाको बनाउँदा समन्वय नभई अनावश्यक विवाद बढ्ने हुँदा समिति निर्माण गर्दा प्रायः ११, १३ वा १५ जनाको समिति बनाएको देखिन्छ । आवश्यकता अनुसार समितिमा अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, महा सचिव, सचिव र सदस्यहरु चयन गरिन्छ । कतै अध्यक्ष, कोषाध्यक्ष र सचिवको पद खडा गरी बाँकीलाई सदस्यमा राखेको पाइन्छ ।

मूल समिति गठन गरेपछि आवश्यकता अनुसार अन्य उपसमितिहरु बनाइएको भेटिन्छ । समितिले चन्दा संकलन गर्छ । चन्दा संकलन गर्दा कानुनी ब्यवधान आइ नपरे पनि कहिले काहीं ब्यवहारिक समस्या आइलागेको पाइन्छ । जस्तै: प्रशस्त समय दिन नसक्ने ब्यक्ति समितिमा बसी काममा अनुपस्थित रहने, ब्यक्तिगत फाइदाको लागि समितिमा रहने तर फाइदा नहुने देखेपछि बाहिरिने, समितिको काम कार्वाही पारदर्शी नहुँदा बिरोध हुँदा बिबाद बढ्ने र काम नै ठप्प हुने जस्ता समस्या पनि देखिन्छन् । समितिमा बस्ने मन भएर पनि नपाएकाहरुले समूह बनाइ समितिलाई आरोप लगाउने र ब्यवधान खडा गर्ने गरेको पनि पाइन्छ ।

यस बाहेक कतै कतै आमा समूह, कृषक समूह, ग्रामिण उत्थान समूह, सामाजिक क्लवहरुबाट यस्ता किसिमका कार्यहरु सम्पन्न गरेको पाइन्छ । समूहका सदस्यहरुले मासिक वा वार्षिक रुपमा एउटा कोष वा गुठी खडा गरी रकम संकलन गर्ने कोषमा जम्मा भएका रकम बाट समूह कै निगरानीमा काम सम्पन्न गर्ने गरेको थुप्रै उदाहरणहरु पाइन्छ । बाग्लुङ्ग जिल्ला तमाव गा.वि.स. ताम्मेलामा वडा नं. ७, ८, र ९का आमा समूहको सक्रियतामा रु. १ लाख ६० हजारको लागतमा एउटा देवी भगवती मन्दिर निर्माण गरिएको छ । यस कार्यका लागि आमा समूहको कोषबाट रु. ९० हजार ब्यहोरिएको छ (गोरखापत्र, ३ माघ २०५६) । यसरी ग्रामिण भेगका न्यून आय भएका महिलाहरुले मासिक रुपमा जम्मा गरेको १०-२० रुपैयाँबाट पनि ठूला ठूला कार्यहरु भएको उदाहरण प्रशस्त पाइन्छ ।

यी कार्यमा मारवाडी समुदाय पनि अग्र पंक्तिमा छन् । मारवाडी सेवा समाज, अग्रवाल सेवा केन्द्र जस्ता संस्थाहरु मार्फत निश्चित रकम उठाई धार्मिक मठ, मन्दिर बनाउने र अन्य कार्यहरु गर्ने गरेको देखिन्छ । उदाहणको लागि का.म.पा., कमलपोखरीमा अग्रवाल सेवा केन्द्र भवनमा मन्दिर निर्माण गरिएको छ । दुइ रोपनी २ आना २ पैसा क्षेत्रफल जग्गामा निर्मित उक्त मन्दिर काठमाडौंमा बसोबास गर्दै आएका अग्रवाल समाजका सदस्यहरुको चन्दा एवं अनुदानबाट करीब रु आठ करोडको लागतमा निर्माण गरिएको हो (हिमालय टाइम्स, ३० फागुन २०५६) ।

चन्दा संकलन बिभिन्न किसिमबाट गर्ने गरिन्छ । देउसी-भैलो खेलेर, मुठी दान (घर-घरमा गएर अन्न संकलन), घर दैलो चन्दा (घर-घरमा गई पैसा वा अन्न संकलन) केही उदाहरण हुन् । यस बाहेक स्वेच्छिक चन्दा (कार्य स्थल आएर दान पत्रमा खसाल्ने वा समितिका सम्बन्धित ब्यक्तिलाई दिने) प्रदान गरेको पाइन्छ । यसको लागि समितिले 'फलानो कार्य गर्नको लागि यति रुपैयाँ आवश्यक परेको हुनाले इच्छुक दाताहरुले समितिको कोषाध्यक्ष संग सम्पर्क गरि दान/चन्दा प्रदान गर्न सक्नु हुनेछ यति भन्दा माथि दान गर्ने दाताको नाम शिलापत्रमा समावेश गरिने छ' भन्ने ब्यहोरा जनाई रेडियो, टेलिभिजन र पत्रपत्रिका मार्फत प्रसारण गर्ने गरेको पाइन्छ । सुचना पाएपछि इच्छुक दाताले गच्छे अनुसारको नगद वा जिन्सी प्रदान गर्छन् । दातालाई समितिले रसिद काटेर दिने र संकलित रकम समितिका सबै सदस्यहरु माझ गणना गरी आवश्यक कार्यमा लगाउने गरिन्छ । सम्पूर्ण भक्तजनबाट अक्षयकोष खडा गर्ने गरेको पनि पाइन्छ । कहिले काहीं कुनै मन्दिर पाटी वा देवल आदिको नाममा बैंकमा खाता खोलेर उक्त खातामा रकम जम्मा गर्न सुचना प्रवाह गरिन्छ । उदाहरणको लागि पाटनको कृष्ण मन्दिरको संरक्षण गर्न ललितपुर सम्पदा समूहले नेपाल ग्रिण्डलेज बैंक खाता नं. ११००८०६७१४-२०२ मा रकम जम्मा गरिदिन अनुरोध गरेको थियो (आजको समाचारपत्र, ७ भदौ २०५४) ।

चन्दा संकलन गर्ने प्रमुख माध्यममा यज्ञ, नवाह, सप्ताह, देवी भागवत पुराण पनि पर्दछन् । यस्ता यज्ञ, पुराण वा सप्ताहबाट करोडौं रुपैया बराबरको नगद वा जिन्सी सामाग्री तथा अन्नहरु

संकलित हुने गरेको छ । श्रमदान पनि उतीकै हुने गरेको छ । तर धेरै जसो श्रमदानको हिसाब किताब राखिएको पाइन्न ।

सामूहिक रुपमा गरिने सप्ताह, यज्ञ, कोटीहोम, शिवपुराण जस्ता धार्मिक कार्यमा भक्तजनले लाखौंको सम्पत्ति तथा भेटी दान दिने गरेको पाइन्छ । जस्तै ललितपुरमा हरेक पाँच वर्षमा मनाईने सम्यक यज्ञ महादान पर्वमा पाटनको भीखा बहालका ७७ वर्षीय शान्तरन्त बज्राचार्यले काठमाडौं कमलपोखरीमा करीब १ करोड मूल्य पर्ने चारतले घर सम्यक गुठीको नाउँमा दान गर्नु भयो (कान्तिपुर, २८ फागुन २०५६) । नियमित रुपमा गरिने यज्ञ बाहेक बिभिन्न ठाउँमा समय समयमा ठूला यज्ञहरु सम्पन्न गरिन्छ । यज्ञ सम्पन्न गर्न पनि अन्य कार्यमा जस्तै संचालन समिति गठन गरेको पाइन्छ । समितिले कार्य संपन्न गर्न आवश्यक पर्ने सामग्री/रकम संकलन गर्छ । यस क्रममा सयौं मुरी अनाज तथा लाखौं रुपियाँ नगद पनि उठेको पाइएको छ । यज्ञ सम्पन्न भएपछि बाँकी रकम वा जिन्सीबाट धार्मिक तथा अन्य सामाजिक कार्यहरु हुने गरेको पाइन्छ ।

*धार्मिक चन्दा संकलनको एक उदाहरण*

चन्दा संकलनको उदाहरणको रुपमा नयाँ पञ्चेश्वर महादेव मन्दिर ललितपुर-१३, कुसुन्तीको निर्माण प्रक्रियाको बारेमा यहाँ चर्चा गरिन्छ । निर्माण प्रक्रियाको बारेमा बयान गरे पनि अन्तिम हिसाब किताब उपलब्ध हुन नसकेकाले माथिको तालिकामा यसको हिसाब परेको छैन ।

वि.सं. २०५४ माघमा कुसुन्तीको सार्वजनिक चौरमा एकजना कल्याणी थापा भन्ने माता (जो केही बर्ष देखी उक्त गाउँमा बस्दै आएकी थिइन)ले भनेको आधारमा उत्खनन गर्दा चारवटा बसाहा (साँढे), एक शिवलिङ्ग तथा एक शिलालेख प्राप्त भएको थियो । त्यसपछि त्यहाँ अपार भीड र भेटी (चन्दा) जम्मा हुन थाल्यो । त्यसलाई ब्यवस्थित गर्न पञ्चेश्वर सेवा समिति नामक मन्दिर संञ्चालन तथा निर्माण समिति गठन गरियो । त्यसै वडाका वडा अध्यक्ष मुरारी प्र. गजुरेलको अध्यक्षतामा ११ सदस्यीय सेवा समिति गठन गरी जिल्ला प्रशासन कार्यालयमा दर्ता गरियो । समितिमा माधवी सुब्बा (उपाध्यक्ष), सुदीप गजुरेल (महासचिव), दिपक गजुरेल (सचिव), राधाकृष्ण गजुरेल (कोषाध्यक्ष) र सदस्यहरुमा बिष्णु थापा, नारायण बोगटी, राधेश्याम ढुङ्गाना, बालकृष्ण गजुरेल, ललित कुमार राउत र अरुण खनाल थिए ।

चन्दा संकलन गर्न समितिले प्रचार प्रसार नगरे पनि मूर्ति प्राप्त भएको बेला जनसमूहको भीड लागेको तथा रेडियो, टिभी र पत्र पत्रिकाबाट त्यस सम्वन्धी समाचार प्रसारित भएको थियो । समितिका सदस्य सहित स्वयं सेवकहरु भेटी संकलन गर्न र रु. एक सय भन्दा माथि रकम चढाउनेलाई रसिद काटेर दिने ब्यवस्थाका लागि खटिए । उठेको भेटी हरेक बेलुका समिति लगायत बाहिरका २०-२५ जना ब्यक्तिको उपस्थितिमा गणना गर्ने गरिएको थियो । त्यसबेला दैनिक रु १० हजार देखि रु ७० हजार ५ सय सम्म उठेको थियो । भीडलाई ब्यवस्थित गर्नको लागि ६० जना सम्म स्वयं सेवक खटाइएको थियो जसको एक छाक खाना खर्च समिति ले नै ब्यहोरेको थियो ।

समितिले रु. १५०० भन्दा माथिको नगद र जिन्सी दान गर्नेको नाम शिलापत्रमा उल्लेख गरेको छ । हाल सम्म करीब रु. २० लाख नगद र पाँच लाख जिन्सी संकलन भएको छ । सरकारी निकायबाट भने सहयोग प्राप्त भएको छैन । उठेको रकम मध्ये नगद सबै मन्दिर निर्माणमा खर्च भइसकेको, मन्दिरमा प्रयोग गर्न सकिने जिन्सी प्रयोग भैसकेको र केही सामान भण्डार गरेर राखिएको छ । रकम अभावले शिलालेख टाँस्ने र मन्दिरको हातामा एउटा पोखरी निर्माण गर्ने कार्य बाँकी रहेको छ । त्यसका लागि पनि दाताबाट आश्वासन पाएको समितिका सदस्यहरु बताउँछन् ।

उक्त मन्दिरमा दैनिक पुजाआजा गर्न बुटवल घर भई अस्थाई बसोबास गर्ने बाल ब्रम्हचारी श्याम शर्मा अधिकारीलाई मासिक रु २,५०० पारिश्रमिक दिएर राखिएको छ । मन्दिरमा चढेको अनाज पुजारीले प्रयोग गर्न पाउने ब्यवस्था गरिए पनि भेटी भने समितिले नै संकलन गर्छ । दुइ महिनाको गणना गर्दा करीव रु. २,४०० जति भेटीबाट र दानपत्र बाट पनि करिब रु. २,४०० जति नै संकलन भएको रहेछ । मन्दिर रेखदेख गर्न मन्दिरका साधारण सदस्य राजकुमार अधिकारीलाई मासिक रु. २,५०० परिश्रमिक दिइ राखिएको छ ।

मन्दिर करीब ९ आना ३ पैसा सार्वजनिक जग्गामा निर्माण भएको छ । उक्त मन्दिरमा हाल सम्म एक कोटीहोम, एक शिव पुरांण र एक सप्ताह लगाइएको छ, शिवपुराण र सप्ताह समितिकै खर्चमा सम्पन्न गरिएको थियो भने कोटीहोम सञ्चालनका लागि घरदैलो चन्दा संकलन गरिएको थियो । कोटीहोम वि.स. २०५५ चैत्र ११ गते देखी २०५६ बैशाख २९ गते सम्म सञ्चालन भएको थियो । सो ठाउँमा कोटीहोम गर्नु पर्ने प्रस्ताव योगी नरहरि नाथ द्वारा ल्याइएको थियो । कोटीहोम सञ्चालनार्थ गठित समितिमा कुसुन्ती गाउँका केही ब्यक्ति र योगी नरहरि नाथ द्वारा खटाइएका केही पण्डीतहरु समावेश गरिएको थियो । समितिका सदस्य र स्थानीय बासिन्दाले घर घरमा गई रकम र अन्न संकलन गरेका थिए । कोटीहोममा संलग्न ४२ जना ब्राम्हणहरुलाई शुरुमा भोजन गराउन धौ धौ परे पनि पछि स्थानीय बासिन्दाहरुले पालै पालो ब्राम्हण भोजनमा लाग्ने खर्च बेहोरी दिएका थिए । यज्ञमा आवश्यक दाउरा स्थानीय बासिन्दाले जुटाए । रु २२,००० संकलन गरी शुरु गरिएको यज्ञ दुइ दिन पनि नपुगेपछि माइकिंगबाट ब्यापक प्रचार प्रसार गरी नगद, जिन्सी र अनाजहरु संकलन गरिएको र सजिलै संग कोटीहोम सम्पन्न भएको कुरा त्यसै वडाका अध्यक्ष तथा कोटीहोम सञ्चालन समितिका मुरारी प्रसाद गजुरेल बताउनु हुन्छ ।

समितिद्वारा मन्दिर अगाडि पाटी निर्माण गर्न जग्गा खरीद उपसमिति बनाइएको थियो । कोटीहोममा बिभिन्न दाताबाट संकलन भएको रु. २,८८,३५३ मध्ये कोटीहोममा खर्च भई बचेको रकम रु. १,३९,९४७ समेतबाट रु. ४,२८,६०० मा ५ आना जग्गा खरीद गरेको र जग्गा खरीद गरेपछि उक्त उपसमिति भंग गरी अर्को ६ सदस्यीय भजन मण्डल निर्माण उपसमिति गठन गरिएको थियो । उक्त उप समितिले पनि दान संकलन गरी भजन मण्डल बनाइरहेको छ ।

मन्दिर निर्माण तथा अन्य कार्य सञ्चालनमा केही समस्या आइलागेका थिए । मन्दिर निर्माणको लागि स्थानीय बासिन्दाले नक्शा पास गरी काम गर्न खोज्दा पुरातत्व बिभागले हस्तक्षेप गर्न खोजे पनि सहमतिमा स्थानीय बिचार अनुसार मन्दिर बनाइयो । त्यसैगरी भजन मण्डलको लागि जग्गा खरीद गर्ने बेलामा राजश्व मिनाहा गराउनको लागि मन्त्री परिषद बाटै निर्णय गराउनु परेको अनुभव कोषाध्यक्ष गजुरेल सुनाउनुहुन्छ । स्थानीय बासिन्दाले मन्दिर निर्माण गर्ने सिलसिलामा आर्थिक हिनामीना गरेको आरोप लागेपछि चार महिना सम्म काम ठप्प भएको थियो ।

परिच्छेद ३

# शिक्षा क्षेत्रमा चन्दा

*सञ्जोग रुपाखेती*

नेपालमा चन्दा दिएर विद्यालय स्थापना गर्ने कार्यको 'श्री गणेश' श्री बालागुरु षडानन्द अधिकारी (१८९२-१९७३)ले गरेका थिए । उनले चन्दा दिई भोजपुरको दिङलामा नेपालकै पहिलो संस्कृत पाठशाला स्थापना गरेका थिए । यसका साथ साथै उनले उपर्युक्त पाठशाला संचालन गराउन एक हजार मुरी अन्न फल्ने जमीनको गुठी स्थापना गरिदिएका थिए (हिमाल, बैशाख २०५७) ।

बालागुरु अधिकारीले डेढ शताब्दी अघि शुरुवात गरेको शिक्षण संस्था स्थापना/ सञ्चालन कार्य हाल बिस्तारीत र प्रचलित छ । दिनहुँ जस्तो समाचारपत्रहरुमा प्रकाशित हुने खबरले (जस्तैः फलानोले चन्दा प्रदान गरी विद्यालय निर्माण गरेको, फलानोले छात्रवृत्ति वितरण गर्न चन्दा दिएको आदि) यो प्रथा प्रचलित भएको पुष्टी गर्दछन् । समयको अन्तराल संगै शैक्षिक कार्यका निम्ती प्रदान गरिनें चन्दाको किसिम विगतको तुलनामा अझ बढी प्रभावकारी रुपमा विस्तारित भएको देखिन्छ ।

यस क्षेत्रमा समाजको सबै तहबाट बिभिन्न किसिम र तरिकाले चन्दा संकलन हुने गरेको पाइन्छ । विशेष गरी चन्दा दाताहरुले विद्यालय भवन निर्माण, जग्गा वा नगद दान, छात्रवृत्तिको लागि नगद सहयोग, अक्षयकोषको स्थापना गरी त्यसबाट प्राप्त ब्याजले छात्रवृत्ति संचालन आदि गर्ने गरेका छन् । यस बाहेक आफू पढेको विद्यालयलाई आर्थिक सहयोग गर्ने साथै जेहन्दार विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्ने कार्य पनि देशका बिभिन्न स्थानहरुमा संचालन भएका छन् । त्यसको अलावा निर्माण कार्यमा श्रमदान गरेका उदाहरण प्रशस्तै पाइन्छ ।

ज्यामी काम गरी बचाएको पैसाले विद्यालय निर्माण गरिदिने काठमाडौं मनमैंजुका मानसिंह महर्जन (हिमालय टाइम्स, २७ चैत्र २०५६) र अपाङ्ग जीवन बिताउदै दैनिक संकलन भएको भीखको रकम स्थानीय विद्यालयलाई प्रदान गर्ने काकडभिट्टाका हरिनारायण लुईटेलले (गोरखापत्र, २९ माघ २०५६) सही अर्थमा चन्दाको परिभाषालाई अझ प्रष्ट पारिदिएका छन् । चन्दा धनी अथवा आर्थिक दृष्टिकोणले सम्पन्न ब्यक्तिले मात्र दिन सक्छन् भन्ने प्रचलित सोचाइलाई यी दुई उदाहरणले चुनौति दिएको छ ।

एक सय चार वर्ष राणा शासनको अन्धकार युग र त्यसपछि तीस वर्ष तानाशाही पञ्चायत शासनको सांग्लोमा जकडिन पुगेको नेपालमा शिक्षाको जग राम्रो संग बस्न पाएन । यो नेपालको शिक्षा क्षेत्रको दुर्भाग्य हो । फलस्वरुप आज देशको वहुसंख्यक जनसंख्या (लगभग ६० प्रतिशत) शिक्षाको उज्यालो घामबाट बञ्चित रहन पुगेको छ ।

सरकारले शिक्षाको उत्थानको निमित्त आफ्नो साधन र श्रोत परिचालन गरिरहेको छ । सरकारको मुख नताकेर गाउँ, टोलका सचेत नागरिकहरु एक जुट भई चन्दा संकलन गर्ने र शिक्षा सम्बन्धी बिभिन्न कार्यहरु सम्पन्न गरेको पाइन्छ । यसका अतिरिक्त कतिपय ठाउँहरुमा स्थानीय स्तरबाट संकलित नपुग चन्दामा स्थानीय सरकार वा परियोजनाको सहयोग र संयुक्त प्रयासमा शैक्षिक कार्यक्रमहरु अघि बढेको पाइन्छ ।

जनस्तरबाट चन्दा संकलन गरी शिक्षा सम्बन्धी मुख्यतया तीन किसिमका कार्यहरु गरेको पाइन्छ : क) निर्माण एवं जिर्णोद्धार (ख) छात्रवृत्ति र (ग) अक्षयकोष

उल्लेखित तीन प्रकारका कार्यहरुमा पनि विशेषत: निर्माण र जिर्णोद्धारमा जनस्तरबाट बढी चासो र संलग्नता रहेको देखिन्छ । निर्माण/ जिर्णोद्धार कार्यमा भन्दा छात्रवृत्ति र अक्षयकोष कम चासोको विषय भएको देखिन आउँछ । विगत चार वर्षको तथ्यांक केलाउँदा जनस्तरबाट शिक्षा सम्बन्धी कार्यहरु संचालन गर्न मुख्यत: तीन किसिमका चन्दा संकलन भएको पाइन्छ । ती हुन् : १) नगद दान २) घर/जग्गा दान ३) श्रम दान

अध्ययनको क्रममा नगद र श्रम दानको तथ्यांक संकलन गर्दा मौद्रिक मुल्य उपलब्ध भएकालाई सोही अनुरुप परिमाण सहित र मौद्रिक मूल्य किटान नभएकालाई परिमाण कै रुपमा समावेश गरिएको छ । यस बाहेक सरकारी र अन्य परियोजना बाट प्राप्त अनुदान अथवा सहयोगलाई छुट्टै कोठामा समावेश गरिएको छ ।

तालिका ३.१ ले २०५३ साल देखि २०५६ साल सम्म हरेक वर्ष भवन निर्माण, जीर्णोद्धार, छात्रवृत्ति र अक्षयकोषका निम्ती जनस्तर र सरकारी स्तर बाट उपलब्ध सहयोगलाई प्रतिनिधित्व गर्दछ ।

तालिका ३.१ शिक्षाको क्षेत्रमा चन्दा

| वर्ष | विवरण | नगद रु. | जग्गा रु. | श्रम रु. | सरकारी/ अनुदान गा.वि.स./जि.वि.स./परियोजना बाट रु. |
|---|---|---|---|---|---|
| २०५३ | भवन निर्माण | ३७,५२,१७४ | १०,३०,००० | ४३,५६,२६८ | ९७,६८,००३ |
| | अक्षयकोष र छात्रवृत्ति | ४,२०,७३८ | | | ५,००४ |
| २०५४ | भवन निर्माण | २५,६९,६५१ | ५१,१८,३५० | ११,९७,२८२ | ९२,३९,२०४ |
| | अक्षयकोष र छात्रवृत्ति | २२,३८,६१८ | | | ५,७२,३५४ |
| २०५५ | भवन निर्माण | ७९,५१,३६२ | ३०,४३,४०० | ३९,०३,९४५ | ६५,२२,८६६ |
| | अक्षयकोष र छात्रवृत्ति | ११,६७,०१२ | | | ३०,७५० |
| २०५६ | भवन निर्माण | १,०१,२२,४३३ | ५१,७२,५११ | ४३,७८,९१३.१० | १,१९,६१,१७४ |
| | अक्षयकोष र छात्रवृत्ति | १९,००,८८३ | | | ६,१७,९०० |
| कुल | | ३,०१,२२,८७१ | १,४३,६४,२६१ | १,३८,३६,४०८ | ३,८७,१७,२५५ |

माथिको तालिकामा पत्रपत्रिकामा प्रकाशित तर सही रुपमा मूल्य किटान नगरिएका चन्दा, दान समावेश गरिएका छैनन् । पत्र पत्रिकामा प्रकाशित नभएका अन्य धैरै चन्दा, दानका आँकडाहरु हाम्रो क्षमता भन्दा बाहिर रहेका छन् ।

तालिकामा समावेश गरिएको जग्गा/घर दान, अक्षयकोष, छात्रवृत्तिको कुल योग निकाल्दा गएको चार वर्षमा सम्पूर्ण शैक्षिक कार्यको निम्ती रु. पाँच करोड त्रियासी लाख तेइस हजार पाँच सय चालिस जनस्तरबाट र रु. तीन करोड सतासी लाख सत्र हजार दुई सय पचपन्न सरकारी स्तरबाट संकलन भएको पाइन्छ । नेपाल जस्तो अविकसित र विपन्न मुलुकमा स्थानीय तवरबाटै शैक्षिक कार्यको निम्ती यति ठूलो धनराशी चन्दाको रुपमा संकलन हुनु निश्चय नै ठूलो कुरा हो ।

## चन्दाको क्षेत्र

माथि उल्लेख भए अनुरुप शैक्षिक क्षेत्रमा भएका चन्दा दान मुख्यतया तीन क्षेत्रमा गरिएको पाइन्छ ।

### *क) निर्माण र जीर्णोद्धार*

शिक्षाको क्षेत्रमा निर्माण कार्यमा सर्वाधिक चन्दा संकलन गरिएको पाइन्छ । ब्यक्ति वा निकायले खास गरी विद्यालय भवन निर्माण गर्न, विद्यालयको जिर्णोद्धार गर्न, भौतिक सामान खरिद गर्न चन्दा अथवा अनुदान दिने गरेका छन् । उदाहरणको लागि ब्यक्ति गाउँ बिकास समित वडा नं. ८ स्थित सिद्धेश्वर प्रा.वि.को भवन निर्माणलाई लिन सकिन्छ । सो भवन निर्माण गर्न समाजसेवी कीर्ति बहादुर बस्नेतले २ रोपनी जग्गा निःशुल्क प्रदान गर्नुभएको थियो भने जि.वि.स. रामेछापको अनुदान रु. ८० हजार र नपुग रु. २ लाख स्थानीय जनस्तरबाट व्यहोरी कुल रु. ३ लाखको लागतमा निर्माण सम्पन्न भएको थियो (आजको समाचारपत्र, १७ मंसिर २०५६) ।

### *ख) अक्षयकोष*

निर्माण सम्बन्धी कार्य पछि दोश्रो बढी चन्दा अक्षयकोष स्थापनामा प्रदान भएको देखिन्छ । यो शीर्षक अन्तर्गत चन्दा प्रदान गर्ने अधिकांशले आफुले दिने चन्दा रकम वैंकमा जम्मा गरी अक्षयकोष खडा गर्दछन् । उक्त अक्षयकोषको ब्याजबाट प्राप्त हुने रकमले बिभिन्न विद्यालयमा छात्रवृत्ति वितरण गर्ने गरिन्छ । यसको उदाहरणमा प्रगति शिक्षा सदन मा.वि.मा अध्ययनरत गरीव तथा जेहन्दार विद्यार्थीको सहयोगार्थ स्थापित 'रेहना वैद्य छात्रवृत्ति कोष' लाई लिन सकिन्छ (कान्तिपुर, ५ चैत्र २०४५) । ललितपुर उपमहानगर पालिका वडा नं. १० निवासी श्रीमती रेहना वैद्यले उक्त कोषमा रु. १ लाख नगद प्रदान गर्नु भएको थियो । उक्त रकमबाट प्राप्त ब्याजले गरीब तथा जेहन्दार विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्ने ब्यवस्था गरिएको छ ।

### *ग) छात्रवृत्ति*

छात्रवृत्ति प्रदान गर्न चन्दा दिने दाताहरुले विशेष गरी ग्रामिण क्षेत्रका विद्यालयमा अध्ययनरत विपन्न परिवारका जेहन्दार विद्यार्थीहरुलाई केन्द्रित गरेको देखिन्छ । छात्रवृत्ति दिनेहरुले सोभै निश्चित रकम उपलब्ध गराउँछन् । छात्रवृत्ति प्रदान गर्नेहरुले बिभिन्न प्रावधान/ प्रकृतिका छात्रवृत्ति वितरण गर्ने गरेको पाइन्छ ।

*१) साधारण छात्रवृत्तिः* साधारण छात्रवृत्ति स्थापना गर्ने दाताहरुले कुनै विशेष प्राबधान नराखी जेहन्दार विद्यार्थीहरुले पढ्ने अवसर पाऊन् भन्ने उद्देश्यले चन्दा प्रदान गरेको देखिन्छ । उदाहरणका लागि रुपन्देहीका जेष्ठ पत्रकार सूर्यलाल प्रधानले आफ्नी धर्मपत्नी भागीरथी देवी प्रधानको नाममा स्थापना गर्नु भएको छात्रवृत्ति अक्षयकोषलाई लिन सकिन्छ । १ लाख रकमको उक्त छात्रवृत्ति अक्षयकोषको ब्याजबाट रुपन्देही जिल्लाका सरकारी विद्यालय मध्येबाट एस.एल.सी. परीक्षामा सर्वोत्कृष्ट अंक ल्याउने एक छात्रालाई छात्रवृत्ति प्रदान गरिन्छ (गोरखापत्र, १८ कार्तिक २०५६) ।

*२) जातीय छात्रवृत्ति:* यस किसिमको छात्रवृत्ति दिने व्यक्तिले कुनै विशेष जात जातीको विद्यार्थीलाई मात्र छात्रवृत्ति उपलब्ध गराउँछन् । यस्ता छात्रवृत्तिमा अधिकांश दाताले इच्छाएको जातका विद्यार्थीलाई छात्रवृत्ति वितरण गर्ने गरिन्छ । उदाहरणका लागि पूर्व गृह सचिव खेम राज रेग्मीले आफ्ना पिताका नाममा स्थापना गर्नु भएको छात्रवृत्ति कोषलाई लिन सकिन्छ । 'प्रेम नारायण उपाध्याय मेमोरियल फाउण्डेशन' नामको उक्त संस्थाको कोषमा राखिएको रकममा प्राप्त हुने ब्याज दलित र पिछडिएका जनजातीबाट आएका जेहन्दार विद्यार्थीहरुलाई प्रदान गरिन्छ । त्यसमा पनि स्थानीय भाग्योदय माध्यमिक विद्यालय, लुवडी, रन्जेली डाँडामा अध्ययनरत विद्यार्थीहरुलाई प्राथमिकता दिइन्छ ।

*३) शारीरिक अवस्थाको आधारमा:* यस किसिमको छात्रवृत्ति दिन चन्दा दिने व्यक्तिले प्रायश: अपाङ्गलाइ छात्रवृत्ति भनेर तोक्ने गरेको पाइन्छ । दाता स्वयं अपाङ्ग भएका कारणले अपाङ्ग विद्यार्थीलाई लक्षित गरी छात्रवृत्ति वितरण गरेका छन् । उदाहरणको रुपमा 'नेत्र कुमारी दाहाल स्मृति प्रतिष्ठान' लाई लिन सकिन्छ । अपाङ्ग शिक्षिका स्व. नेत्र कुमारी दाहालको स्वआर्जनबाट स्थापना गरिएको कोषबाट उक्त प्रतिष्ठानले अपाङ्ग विद्यार्थीहरुलाई छात्रवृत्ति प्रदान गर्ने गरेको छ (कान्तिपुर, २६ मंसिर २०५६) ।

## चन्दा दाताको उद्देश्य

चन्दा दिने कार्यलाई हाम्रो समाजमा एक पवित्र र मानवीय धर्म मानिन्छ । दाताले कुन उद्देश्य वा प्रयोजनले चन्दा, दान दिने गर्छन् त भन्ने प्रश्न राख्दा मुख्यत: निम्न उल्लेखित उद्देश्यले यस्ता कार्य गर्ने गरेको पाइयो ।

*१) शैक्षिक क्षेत्रको बिकासका लागि:* देशको आधा भन्दा बढी जनसंख्या शिक्षाबाट बञ्चित रहने गरेको अबस्थामा आफ्नो सानो सहयोगले गाउँ, टोल र वस्तीमा विद्यालय स्थापना भई धेरै व्यक्तिहरुले पढ्न पाउने अवसर सृजना हुने कारणले चन्दा दिएको पाइन्छ । यसको साथै अवसर पाएर पनि आर्थिक स्थितिका कारण पढ्न असमर्थ विद्यार्थीलाई छात्रवृत्ति दिई उनीहरुको पढाईलाई निरन्तरता दिन चन्दा दिएको पाइन्छ ।

*२) धार्मिक कारण:* नेपालका बहुसंख्यक मानिस धर्मप्रति आस्था राख्दछन् । चन्दा दिई मानव परोपकारका कार्य गर्दा पुण्य, मोक्ष प्राप्त गरिन्छ अथवा स्वर्गमा स्थान पाइन्छ भन्ने विश्वासका कारण पनि यस्ता कार्य प्रति आकर्षित भएको देखिन्छ ।

*३) मृतकको स्मृति:* आफ्ना मृतक आफन्तको आत्माको चीर शान्तिको निम्ती वा मृतकको नामलाई समाजमा अमर बनाउने उद्देश्यले मृतकका आफन्तहरुले चन्दा दिने गरेको पाइन्छ । यदा कदा मृतक आफन्तको अधुरो कार्य पुरा गर्न वा इच्छाएको काम गरिदिन चन्दा दिएको पाइन्छ ।

*४)* आफू निसन्तान भएको र आफ्नो नाममा रहेको सम्पत्ति आफ्नो शेषपछि रेखदेख गरिदिने व्यक्तिको अभाव दर्शाई शैक्षिक कार्यको लागि चन्दा दिएको पाइन्छ ।

*५)* गाउँ, समाजमा सबैले हातेमालो गरी कार्य गरेको अवस्थामा गाउँ, टोलको एक सदस्यको नाताले चन्दा दिनु, सामाजिक आवश्यकता एवं वाध्यता दुवै भएको पनि पाइन्छ ।

*६)* निश्चित रकम चन्दा दिएर विद्यालयको नाम परिवर्तन गर्न पाउने परिपाटी अनुरुप चन्दादाताले विद्यालयमा आफ्नो वा आफन्तको नाम जोड्न ठुलो धनराशी चन्दा दिने गरिएको छ ।

*७)* आफूले दिएको चन्दाले शैक्षिक क्षेत्रलाई अघि बढाउन योगदान पुग्ने र साथ साथै पुण्य गरे बापत मृत्यु पश्चात नाम अमर रहने विश्वास रहेको देखिन्छ ।

## चन्दा संचालनको प्रकृया

शैक्षिक क्षेत्रमा चन्दा संकलन गरी कार्य गर्दा मुख्यत: दुई किसिमले गर्ने गरेको पाइन्छ : १) व्यक्तिगत वा निजी रुपमा र २) सामूहिक रुपमा ।

*१) व्यक्तिगत रुपमा*

ब्यक्तिगत लगानीबाट शैक्षिक क्षेत्रमा ठूला एवं महत्वपूर्ण कार्यहरु सम्पन्न भएका छन् । व्यक्तिगत लगानीमा विद्यालय निर्माण गरिदिने, जग्गा र भवन विद्यालयलाई चन्दा दिने एवं सम्पूर्ण खर्च आफै बेहोरी विद्यालय निर्माण गरिदिएका, ब्यक्तिगत लगानीमा छात्रवृत्ति कोष वा अक्षयकोष स्थापना गरी संचालन गरेको पाइन्छ । त्यसको अलावा छात्रवृत्ति कोष र अक्षयकोष स्थापनामा अधिकांश ब्यक्तिगत लगानी रहेको पाइन्छ । ब्यक्तिगत लगानीमा विद्यालय निर्माण वा जिर्णोद्धार गर्दा सर्व प्रथम गाउँ, टोल र वस्तीको स्वीकृति लिने गरिन्छ । तत् पश्चात आवश्यक परेको खण्डमा शिक्षा मन्त्रालय एवं स्थानीय सरकारबाट आवश्यक सम्बन्धन प्राप्त गरी निर्माणको थालनी गर्ने गरिन्छ । ब्यक्तिगत लगानीमा निर्माण गरिएको विद्यालयको एउटा उदाहरण: कैलाली जिल्लाकी डम्मरी देवी पाठकले आफ्नो स्वर्गीय पति रघुनाथको स्मृतिमा सोही गाउंको शैलेश्वरी माध्यामिक विद्यालयको हातामा रु. ९३ हजार ९७८ को निजी खर्चमा एक कोठे भवन निर्माण गरिदिनु भएको छ (आजको समाचारपत्र, १५ फागुन २०५६) ।

*२) सामूहिक रुपमा*

दुई वा दुई भन्दा बढी दाताहरु संलग्न रही कार्य गरेको अवस्थामा त्यसलाई सामूहिक संलग्नतामा वा समूहिक लगानी भनेर यहाँ बुझ्नु पर्छ । सामूहिक संलग्नतामा कार्य गर्दा स्थानीय सरकार र अन्य परियोजनाको पनि उक्त कार्यमा संलग्नता रहेको फाटफुट पाइन्छ । सामूहिक संलग्नतामा अधिकांश निर्माण/जीर्णोद्धार कार्य र कतै कतै छात्रवृत्ति स्थापना कार्य भएको पाइन्छ । सामूहिक संलग्नतामा कार्य गर्दा सर्वप्रथम समस्याको पहिचान गरिन्छ । समस्या माथि छलफल गरी एउटा ठोस निर्णयमा पुगेपछि स्थानीय सरकार बाट स्वीकृति लिने काम गरिन्छ । छात्रवृतिको तुलनामा निर्माण कार्य अलि जटील एवं महत्वपूर्ण कार्य हो । यसर्थ निर्माण कार्य सुचारु ढंगले संचालन गर्न एवं दाताहरुबाट प्राप्त हुन आएका चन्दाको सही हिसाव राख्न समितिको गठन गर्ने गरेको पाइन्छ । यसरी समिति गठन गर्दा ७ देखि १६ जना सम्म ब्यक्तिहरु रहने गरेको पाइन्छ । बिभिन्न ठाउँमा यो संख्यामा थप हुने गरेको छ ।

समितिको नेतृत्व चयन गर्दा समाजका प्रतिष्ठित एवं विश्वासिला व्यक्ति समितिको प्रमुख पदमा चयन गरिन्छ । स्थानीय सरकारको संलग्नता रहेको खण्डमा स्थानीय सरकारका प्रतिनिधि पनि समितिमा रहने गरेको पाइन्छ । सर्व सम्मतीबाट विभिन्न पदाधिकारी चयन गर्नुको अलावा प्रमुख चन्दादाताहरु समितिमा कोषाध्यक्ष, सचिव सदस्यका रुपमा रहने गर्दछन् । यदाकदा समितिमा रहेका मानिसहरुको आपसी खिचातानी वा मिलेमतोमा हिसाव गोलमाल भएकोले काममा अवरोध आएको, अलपत्र परेको घटना पनि भेटिएका छन् । मूख्यतया समिति खडा भएपछि हरेकले आ-आफ्नो कामको जिम्मा लिएर चन्दा संकलन गर्ने देखि लिएर निर्माण पर्यन्तका कार्यहरुको संचालन र रेखदेख गर्ने गरेका छन् ।

शैक्षिक क्षेत्रमा प्रदान गरिने चन्दा बिभिन्न किसिमले संकलन गरिन्छ । स्वेच्छाले चन्दाको रुपमा घर/जग्गा, नगद दिने देखि लिएर देउसी, भैलो खेलेर वा मुठी दान बाट चन्दा संकलन गरिन्छ । श्रम दान गर्ने कार्य अझ अग्र पंक्तिमा रहेको छ । ठूलो निर्माण कार्य गर्दा ठूलै रकम आवश्यक पर्ने हुँदा ब्यक्तिगत चन्दा पर्याप्त नहुन सक्छ । त्यस्तो अवस्थामा संचार माध्यमबाट चन्दा आव्हान पनि गरेको पाइन्छ । यसरी सूचना पाए पछि इच्छुक दाताले सम्बन्धित ठाउमा गई आफ्नो गक्ष अनुसार चन्दा दिन्छन् ।

यस बाहेक चन्दा दाताहरुलाई सुलभता प्रदान गर्न आजकल वैंकमा खाता खोली सोझै खाता मार्फत रकम जम्मा गर्ने प्रथा चलेको छ । त्यस्तै पुराण, यज्ञ लगाई चन्दा संकलन गर्ने प्रचलन पनि मनग्य बढेको देखिन्छ । यो प्रकृया मार्फत चन्दा उठाउन सहज हुने र चन्दा पनि ठूलै रुपमा संकलन हुने हुंदा लोकप्रिय हुँदै गएको छ । यसको राम्रो उदाहरण लम्जुङ्ग जिल्लाको दक्षिणी क्षेत्रको पुरानो सदरमुकाम कुन्छास्थित शान्ति माध्यामिक विद्यालयमा क्याम्पस संचालनार्थ सप्ताहब्यापी श्रीमद् भागवत् महापुराण लगाई संकलन गरिएको ठुलो धन राशी हो । यस कार्यबाट उठेको रकम रु. २७ लाख ७ हजारबाट क्याम्पस संचालनका लागि प्रदान गरिएको थियो (कान्तिपुर, २६ कार्तिक २०५६) ।

*शिक्षा क्षेत्रमा चन्दाको उदाहरण:*

शैक्षिक क्षेत्रमा चन्दा संकलन गर्ने कार्य कसरी गरिन्छ ? चन्दा संकलन पछिका कामहरु कसरी अघि बढाइन्छ भन्ने कुरा अझ नजिकबाट विश्लेषण गर्न यस अध्ययन भित्र समावेश भएका मध्ये एउटा उदाहरणलाई हेरौं ।

काठमाडौं मनमैजुका मानसिंह महर्जन अशिक्षित र विपन्न परिवारमा जन्मिएका थिए । गरीबीको कारण उनले चाहँदा चाहँदै पनि पढ्ने अवसर पाएनन् । जीविकोपार्जनका लागि उनले डकर्मी पेशा अपनाए । आज पनि उनी सोही पेशा गर्छन् । उनका समकक्षी साथीहरु सरकारी कार्यालयमा काम गर्न जान्थे भने उनी गारो निर्माण गर्न सिंहदरबार जान्थे । यस कुराले मानसिंहलाइ निकै पीडित बनाएको थियो । आफुले पढ्न नपाए पनि आफ्ना सन्तती शिक्षा प्राप्त गर्न बाट बञ्चित नहुन् भनी उनी सोच्थे ।

आफ्नो सपनालाइ पुरा गर्न उन्ले आफ्नै गाउँमा एउटा स्कुल खोल्ने निधो गर । सोही अठोट अनुरुप २०४२ सालमा तत्कालिन प्रधान पञ्च चन्द्रबहादुर थापा संग सार्बजनिक जग्गा माग गरे । प्रधान पञ्चले पनि उन्को भावनालाइ कदर गर्दै सार्वजनिक जग्गा खोज्न सहयोग गरे । जग्गा प्राप्त भइ जग खन्न लाग्दा स्थानीय केही ठुला बडा, बुद्धिजीवीले बिरोध गरी विद्यालय बनाउने काममा असहयोग गरे ।

तर मानसिंहले हरेश खाएनन् । २०३० सालमा आफ्नो पारिश्रमिक दैनिक रु पाँच हुँदा देखि संकलन गरेको रकमले २०४२ सालमा प्राथमिक विद्यालयको जग बसाले । २०४९ सालमा सो विद्यालयले निमावि को रुपमा स्वीकृति पायो । आफुले अनेकौं दुख: कष्ट भोलेर स्थापना गरेको स्कुललाइ सरकारी स्वीकृति प्राप्त हुँदा मानसिंह निकै खुसी भएका थिए । उनीलाइ साक्षात इश्वरको दर्शन पाएको जस्तो लागेको उनी बताउँछन् ।

करीब दुई रोपनी तीन आना जमीनमा ओगटेको उक्त विद्यालयको मुलद्वारमा लेखिएको छ – 'म त ज्यामी मात्रै हुं, बाँकी इश्वरको कृपा' । यस विद्यालयबाट हाल सम्ममा ६७ जनाले प्रवेशिका परीक्षा उत्तिर्ण गरिसकेका छन् । बीस जना शिक्षकको सेवा पाइरहेको यस विद्यालयमा पुस्तकालय, विज्ञान सामग्री, फर्निचर, खानेपानी, शौचालय, बिजुली, टेलिफोन आदि भौतिक सुबिधा

MARTIN CHAUTARI • KTM, NEPAL LIBRARY

उपलब्ध छन् । हाल सालै मात्र सोही विद्यालयमा दश जोड दुई कक्षा संचालन गर्न मानसिंहले रु पाँच लाख नगद सहयोग गरेका छन् । विद्यालय स्थापनार्थ मरी मेटेका मानसिंहले विद्यालयको एक कप चिया पनि पिएका छैनन् ।

परिच्छेद ४

# स्वास्थ्य क्षेत्रमा चन्दा

*देवराज हुमागाईं*

चार वर्षका पत्रिका अध्ययनबाट तुलनात्मक रुपमा अन्य क्षेत्रमा भन्दा स्वास्थ्य क्षेत्रमा चन्दा वा दान दिने कार्य कम भएको पाइयो । तैपनि दान दिनेको संख्या भने यो क्षेत्रमा पनि बढ्दो छ । आफ्नो आम्दानीबाट केही रकम असक्त व्यक्तिको उपचारमा लगाउने, अस्पताल निर्माण गर्न सहयोग गर्ने वा उपकरण खरिद गरिदिने, दुर्गम स्थानमा स्वास्थ्य चौकी स्थापनार्थ सहयोग प्रदान गर्ने जस्ता केही उदाहरणहरु स्वास्थ्य क्षेत्रमा पाइयो । नगद, घरजग्गा, जिन्सी वा श्रमलाई पनि परोपकारमा लगाएको पाइयो । रक्तदान र मृत्युपर्यन्त शरिरका विभिन्न अंगहरु दान पनि यसै अन्तर्गत राखिएको छ । स्वास्थ्य क्षेत्रमा भएका चन्दाका रुपहरुको तल चर्चा गरिन्छ ।

### क) नगद, जिन्सी वा श्रमदान

आफ्नो आम्दानीबाट बचेको केही रकम तथा आफ्नो सम्पतीको केही भागलाई गरिब तथा दीन दु:खीको उपचारमा सहयोग पुऱ्याउने हेतुले स्वास्थ्य चौकी वा अस्पताल भवन निर्माण गर्ने कार्यको लागि चन्दा वा दानको रुपमा दिने गरेको प्रशस्त देखिन्छ । त्यसैगरी जुन ब्यक्तिसंग दिन सक्ने रकम वा सम्पती छैन उक्त ब्यक्तिले आफ्नो कार्य ब्यस्तताबाट बचेको केही समय अस्पताल भवन वा स्वास्थ्य चौकी निर्माणार्थ श्रमदानको रुपमा लगाउने गरेको पाइन्छ ।

उदाहरणका लागि ललितपुर, पुल्चोक निवासी बिष्णु श्रेष्ठ (बि.के. श्रेष्ठ) ले गत कार्तिकमा तत्कालिन प्र.म. कृष्ण प्रसाद भट्टराई मार्फत पाटन हस्पिटलको चिल्ड्रेन वार्डको नयां भवन निर्माणका लागि रु. १ करोड सहयोग गर्नु भएको छ । एभरेष्ट वैंकका अध्यक्ष ६८ वर्षीय श्रेष्ठका अनुसार पुरस्कार स्थापना गरेर, ठूला ठूला यज्ञ गरेर नाम कमाउनु भन्दा यस्तो सहयोग सिधै मानवीय हितको लागि प्रयोग हुने भएकोले केटाकेटीहरुको उपचारको लागि भवन निर्माणमा सहयोग गरिएको हो । बि.के. श्रेष्ठको तर्फबाट उक्त 'चिल्ड्रेन वार्ड' बनाउन यति ठूलो राशी सहयोग प्रदान भएको कारण उक्त चिल्ड्रेन वार्डको नाम बि.के. श्रेष्ठ कै बुबाको नामबाट 'साहु गणेशलाल चिल्ड्रेन वार्ड' राखिएको छ (साधना, बैशाख/जेठ २०५७) ।

त्यसबाहेक कुनै ब्यक्तिको उपचारको लागि अक्षयकोष स्थापना गरिदिने, अस्पताल वा स्वास्थ्य चौकी निर्माणार्थ घर/जग्गा प्रदान गर्ने, देउसी भैलो खेली उठेको रकम स्वास्थ्य क्षेत्रमा आइपर्ने बिभिन्न कार्य गर्न सहयोग गर्ने, निजी रुपमा क्लिनिक संचालन गरी गरीबहरुको नि:शुल्क उपचार गरिदिने आदि कार्यहरु भइरहेको छ । यस्ता किसिमका कार्यहरु गत चार वर्षमा कति भए भन्ने कुरा तालिका ४.१मा प्रस्तुत गरिएको छ । तालिकामा घर जग्गा र जिन्सीलाई मौद्रिक र अमौद्रिक रुपमा २/२ वटा कोलम बनाई राखिएको छ किनभने प्राप्त तथ्यांकमा घर जग्गा वा जिन्सि धेरै जसो मौद्रिक मूल्यमा ब्यक्त गरिएको छ भने केही जग्गा वा जिन्सी जस्ताको त्यस्तै राखिएको छ । यसरी सबै मौद्रिक रुपमा संकलन भएको दान मात्र जोडने हो भने यो चारवर्ष भित्र स्वास्थ्य क्षेत्रमा जम्मा रु. ३ करोड ३० लाख ४१ हजार ३ सय १६ पुग्छ ।

तालिका ४.१ स्वास्थ्य क्षेत्रमा भएका चन्दा, दान

| साल | नगद | घर/जग्गा | | जिन्सी | | श्रम रु. |
|---|---|---|---|---|---|---|
| | | मौद्रिक रु. | अमौद्रिक | मौद्रिक रु. | अमौद्रिक | |
| २०५३ | १३,०५,४०५ | ५,५५,५०० | ०.५२रो. | | | ४,०७,५५५ |
| २०५४ | ३२,०३,९७१ | १३,७५,००० | ०.२५ रो. | | | ७,८८,७८६ |
| २०५५ | ४१,१५,००० | २६,६९,४०२ | १०.२२ रो. | १५,००० | एम्बुलेन्स १ | ५,९६,००० |
| २०५६ | १,४९,६१,६९७ | २३,२६,००० | २.२ रो. | २,०४,००० | | ५,१८,००० |
| जम्मा | २,३५,८६,०७३ | ६९,२५,९०२ | १३.१९ रो. | २,१९,००० | एम्बुलेन्स १ | २३,१०,३४१ |

## ख) निशुल्क स्वास्थ्य सेवा

स्वास्थ्य क्षेत्रमा हुने गरेको अर्को परोपकारी कार्य नि:शुल्क रुपमा अशक्तहरुलाई सेवा प्रदान गर्नु हो । कतिपय यातायात व्यवसायी संघहरुले असक्तहरुको लागि भाडा दरमा केही प्रतिशत छुट अथवा निशुल्क गराइदिने, विद्यालयले अपांग वा शारिरीक रुपमा कमजोर भएकालाई निशुल्क शिक्षा दिने, बायु सेवाहरुले गरीब रोगीहरुको लागि उडान शुल्क मिनाह गरिदिने, चिकित्सकहरुले नि: शुल्क रुपमा बिरामीहरुको स्वास्थ्य परीक्षण गरिदिने जस्ता क्रियाकलाप हुने गरेका छन् । त्यसैगरी संघ संस्था वा व्यक्तिहरु मिली दुर्गम क्षेत्रका जनताहरुको स्वास्थ्य परीक्षण तथा आवश्यक औषधि उपचार गर्न स्वास्थ्य शिविरहरु सञ्चालन गर्ने कार्य पनि हुँदै आएका छन् ।

निजीस्तरमा वा गैर सरकारी संस्थाको रुपमा दर्ता भएर खोलिएका कतिपय चिकित्सालयहरुले नि:शुल्क रुपमा गरीब, असहायहरुको सेवा गर्दै आइ रहेका छन् । जसमध्ये पशुपति गौशाला स्थित बालाजी परोपकारी समिति अन्तर्गतको नि:शुल्क चिकित्सालयले स्थानीय स्तरमा सामान्य स्वास्थ्य सेवा पुऱ्याउँदै आएको छसो नि:शुल्क चिकित्सालयमा प्रत्येक दिन बिहान ७ देखि ९ बजे सम्म २ घण्टा डाक्टरहरुद्वारा रोगीलाई जाच्ने गरिन्छ । रोगीहरुलाई लायन्स क्लब अफ काठमाडौं मिड टाउनद्वारा संचालित नि:शुल्क एक्सरेको साथै रगत र दिशा पिसाव निशुल्क रुपमा जाँच गर्ने तथा औषधि समेत उपलब्ध गराइएको छ ।

दुर्गम स्थानमा रहेका गरीब असाहाय व्यक्तिहरु जो सस्तो सरल तथा नि:शुल्क उपचार भए पनि राजधानी वा अन्य शहरमा आइ उपचार गराउन सक्षम छैनन् उनीहरुका लागि गाउँ-गाउँमा सञ्चालन गरिने स्वास्थ्य शिविर निकै प्रभावकारी भएको देखिन्छ । डा. इन्द्रमान वैद्य स्मृति कोषद्वारा राजबिराजको हनुमाननगर मा.वि. मा संचालित नि:शुल्क स्वास्थ्य शिविरमा २,५०० बिरामीको नि:शुल्क जाँच गरी करिब १ लाख ५० हजार मूल्य बराबरको औषधि प्रदान गरिएको थियो (कान्तिपुर, ५ भदौ २०५३) । 'सिकौं, सिकाऔं र सेवा गरौं' भन्ने उद्देश्यका साथ नुवाकोट जिल्लाका तर काठमाडौमा कार्यरत युवाहरुद्वारा सञ्चालित ग्रामिण बिकास तथा जन चेतना मंच (कदाफ) ले नुवाकोट जिल्लाको थानपति गा.बि.स. वडा नं. ८ मा दुई दिने निशुल्क स्थास्थ्य शिविरको आयोजना गरेको थियो । उक्त शिविरमा ५ सय ३७ बिरामीको स्थास्थ्य परीक्षण गरिनुका साथै रु. ४५ हजार बराबरको औषधि वितरण गरिएको थियो । गत ४ वर्षमा निजी स्तरबाट गाउँ गाउँमा सञ्चालन

भएका शिविर मार्फत के कति जनताहरुले निशुल्क स्वास्थ्य सेवा पाए भन्ने तालिका ४.२बाट देख्न सकिन्छ ।

तालिका ४.२ निशुल्क स्वास्थ्य परीक्षण तथा औषधि वितरणको फेहरिस्त

| वर्ष | स्वास्थ्य परीक्षण गरिएको संख्या | वितरित औषधि रु. |
|---|---|---|
| २०५३ | ३,५६५ जना | २,०२,००० |
| २०५४ | ६,९०० जना | १,००,००० |
| २०५५ | ३,४२४ जना | १,७५,०४४ |
| २०५६ | १०,५७० जना | ३,१९,००० |
| जम्मा | २४,४५९ जना | ७,९६,०४४ |

## ग) रक्तदान तथा शरीरका अंग दान

रक्तदान र मृत्यु पर्यन्त नेत्रदान गर्नेहरुको संख्या तीब्र रुपमा बढ्दै गएको पाइन्छ । रक्तदान कार्यक्रम धेरै संस्थाहरुको आन्तरिक क्रियाकलापमा समेत राखिने प्रचलन बढ्दो छ । कैयौं मानिसहरु समयमा आवश्यक रगत उपलब्ध हुन नसकी अकालमा ज्यान गुमाउने गरेको अनुभवीहरुले बताए पनि अहिले पर्याप्त मात्रामा रगत संकलित हुने गरेको छ । नेत्रदान र मृगौला दान गर्ने प्रचलन पनि बढ्दै गइरहेको छ । अंगदान गर्न हुन्न भन्ने अन्धविश्वास तोडिँदै गइरहेको छ समाजमा । मरेपछि खेर जाने अंगलाई अन्य ब्यक्तिहरुमा प्रत्यारोपण गर्दा नव जीवन प्राप्त गर्ने र परोपकार हुने भएकाले मानिसहरु आफ्नो शरीरको अंग दान गर्न इच्छुक हुने गर्दछन् ।

पत्रकार भैरव रिसाल र ल्हासामा पूर्व शाही नेपाली महा वाणिज्यदुत बासुदेव शर्मा पौडेल 'तुफान' दम्पतीले हालै आ-आफ्नो शव दानको घोषणा गर्नु भएको छ । विशेषगरी चिकित्सा शास्त्रका विद्यार्थीलाई मानव शरीरको संरचना र अंगको बारेमा ब्यवहारिक अध्ययन गर्न शवको खाँचो पर्ने भएकोले बाचुन्जेल देशका लागि खासै केही ठूलो काम गर्न नसके पनि मरिसकेपछि शरीर दान गर्न किन हिच्किचाउने भनेर शव दानको इच्छापत्र गरिदिएको कुरा पत्रकार रिसाल बताउनु हुन्छ । शवदानका लागि आफ्ना नातेदार, उत्तराधिकारी, गा.बि.स., नगरपालिका समेतको लिखित स्वीकृति लिई काठमाडौं मेडिकल कलेजको नाउँमा शवदानको इच्छापत्र गरिदिएको भएता पनि विद्यमान कानूनमा भने त्यस सम्बन्धी कुनै ब्यवस्था नभएको कानून ब्यवसायीहरु बताउँछन् (नेपाल समाचारपत्र, ७ माघ २०५६) ।

*स्वास्थ्य क्षेत्रमा चन्दादानको उदाहरण:*

चार वर्षमा समाज सेवाका नाममा धेरै अस्पताल र नर्सिङ्गहोमहरु खुलेका छन् । कुनै विशुद्ध निजी, कुनै दुई चार जना ब्यक्तिहरुको साझेदारीमा खोलिएका छन् भने कुनै धेरै साझेदारहरु मिलेर सर्बसाधारण जनतालाई समेत शेयर बिक्री गरी पब्लीक लिमिटेड कम्पनीको रुपमा देखिएका छन् । गैर सरकारी संस्थाको रुपमा पनि निजी स्तरमा अस्पताल खोलिएका छन् । यसरी गैर सरकारी संस्था

मार्फत खोलिएका अस्पतालहरु समाज कल्याण परिषद संग आवद्ध हुने गरेका र बाँकी नर्सिङ्गहोम, अस्पतालहरु स्वास्थ्यमन्त्रालय बाट सिफारिस प्राप्त गरी उद्योग मन्त्रालय अन्तर्गत काम गरिरहेका छन् । 'जनस्वास्थ्यमा सुलभता पुऱ्याउने वा दीन दुःखीको सेवामा जुट्ने' उद्देश्यले खोलिएका भएपनि प्राय जसो अस्पताल वा नर्सिङ्गहोमहरु अत्यधिक मुनाफा कमाउनमा ब्यस्त छन् । महँगा भएकाले धनाढ्य ब्यक्ति मात्रको पहुँच भित्र छन् । ज्यादै न्यून संख्यामा अस्पताल वा नर्सिङ्गहोमहरु भने सरकारी स्तरमा खोलिएका अस्पतालहरुले भन्दा कम शुल्कमा, 'दाम भन्दा पनि नाम कमाउने उद्देश्य लिएर' कार्यरत छन् ।

सरकारी अस्पतालमा भन्दा कम दरमा उपचार सुविधा उपलब्ध गराउने गरी खोलिएको एक अस्पताल नेशनल डेन्टल हस्पिटल हो । चिकित्सक र दीन दुःखीको सेवामा लाग्न इच्छुक सर्व साधारणहरुमा शेयर बाँडेर पब्लिक लिमिटेड कम्पनीको रुपमा स्वास्थ्य सेवा पुऱ्याउँदै आएको नेपालको पहिलो डेन्टल अस्पताल नेशनल डेन्टल हस्पिटल नै रहेको छ । आफ्नो जीवनको केही समय र आफ्नो आम्दानीको केही भाग भएपनि गरीब तथा दीन दुःखीको लागि खर्च गर्ने बिचारमा सहमत भएर १९ जना दन्त चिकित्सकहरुले तीन वर्ष अघि सन १९९७ मा रु ३ लाख देखि १० लाख प्रति ब्यक्ति लगानी गरी यो अस्पतालको स्थापना गरेका थिए । यो अस्पतालमा हाल ३६ जना डाक्टरहरु र अन्य ३६ जना ब्यक्तिहरुको लगानी रहेको छ । बिरामी जाँच शुल्क तुलनात्मक रुपमा निकै कम रहेको यस अस्पतालमा अन्य सेवाहरु पनि अन्यत्रको तुलनामा सरल छ ।

'हरेक काममा कम भन्दा कम लागत लगाइने र नाफा कमाउने भावना नहुनुले नै थोरै पैसामा बिरामीको उपचार सम्भव भएको' अस्पतालका कार्यकारी निर्देशक डा. शुशिल कोइराला बताउनु हुन्छ । 'बाहिर १२ देखि १५ हजार मासिक पारिश्रमिक लिने गरेका चिकित्सकहरुले यहाँ मासिक रु. ३ हजार पारिश्रमिक लिएर काम गरेका छन्', उहाँले भन्नुभयो । कम पारिश्रमिक लिएर सेवा गर्नुमा निम्न कारणहरु रहेका छन् : क) आफ्नै लगानीको अस्पताल ख) अस्पतालको लागतमा कम गराई सस्तो दरमा बिरामीको सेवा पुऱ्याउने चाहना ग) समाजमा नाम र प्रतिष्ठा कमाउनु घ) एउटै उद्देश्य बोकेका सहयात्रीहरु सँग काम गर्न पाउनु ङ) कसैको डर, त्रास, धम्की र हस्तक्षेप रहित अवस्थामा सेवा गर्ने अवसर पाउनु ।

अस्पताललाई सशुल्क र निःशुल्क गरी दुइ भागमा बिभाजन गरिएको छ । सशुल्क सेवा अन्तर्गत न्यून शुल्कमा उपचार गरिन्छ भने निःशुल्क सेवालाई निरन्तरता दिन छुट्टै 'समाज सेवा शाखा' खोलिएको छ । यस शाखाद्वारा २४ घुम्ती शिविरमा र अस्पतालमै गरी गत १८ महिना भित्रमा ८,८७० जना बिरामीहरुलाई निःशुल्क दन्त सेवा प्रदान गरिएको थियो । ७० वर्ष भन्दा माथिका नागरिकलाई निःशुल्क आधारभूत दन्त सेवा र १४ वर्ष भन्दा मुनिका बाल बालिकाहरुलाई निःशुल्क दन्त परिक्षण गरिदै आएको डा. कोइराला बताउनुहुन्छ ।

शाखाले नेपालमै पहिलो Oral and Maxillofacial Center (दाँत झिक्ने र दाँत मुख सम्बन्धी सबै प्रकारको शल्यक्रिया गर्न नयाँ प्रविधियुक्त औजारद्वारा सुसज्जित) खोली नाफा रहित ढंगबाट शल्यक्रिया सेवा संचालन गरिदैछ । यो सेवालाई अधिराज्यभर बिस्तार गर्न शुरुमा नेपालका ६ वटा जिल्लाहरु मनाङ्ग, गोर्खा, चितवन, उदयपुर, गुल्मी र बाँकेमा शाखा खोलि सेवा बिस्तार गर्न लागिएको पनि डा. कोइरालाले जानकारी दिनुभयो ।

अस्पतालले आफनो समाज सेवा कार्य पूर्ण रुपमा नाफा रहित र निःशुल्क गर्न यसै वर्षको साधारण सभाबाट सञ्चालक समितिलाई अधिकार प्रत्यायोजन गरेको छ । अस्पताललाई सहयोग जुटाउनेहरुको सँख्या बढ्दै गएको छ । रोटरी क्लबले सेवा विस्तार लगायत अन्य कार्यका लागि १ लाख ७४ हजार अमेरिकी डलर (ने. रु. करीब १ करोड १८ लाख ३२ हजार) सहयोग गर्ने जनाएको

छ । कोलगेट कम्पनीले शिविर संचालन गर्न गाउँ-गाउँमा जाँदा आवश्यक यातायात खर्च र पर्चाहरुमा सहयोग गर्ने जसका बदलामा शिविरमा कोलगेट मञ्जनको ब्यानर राखिदिनु पर्ने शर्तमा ५ वर्षे सम्झौता गरेको छ ।

अस्पतालले खरीद गरेको जग्गामा भवन निर्माणको लागि शिलान्यास भै सकेको र उक्त भवन अन्तर्गत Oral and maxillofacial Centre को लागि गोपाल राजभण्डारी कम्प्लेक्स नामक भवन वनाउन आवश्यक सबै खर्च (अनुमानित २५ लाख) गोपाल राजभण्डारीले ब्यहोर्नु हुने भएको छ ।

शुरुमा अस्पताल नोक्सानमा गइ सञ्चालन गर्न कठिनाइ परे पनि साथीहरुको साहस र धैर्यताका कारण कठिनाई पार भएको र अहिले धेरै बाट सहयोग प्राप्त भै रहेको डा. कोइराला बताउनुहुन्छ । कानूनी समस्याको रुपमा पहिले गैर सरकारी संस्थाको रुपमा दर्ता नभएका कारण समाज सेवाको नामबाट वैंकमा बचत खाता खोल्न नपाइएको, चल्ती खाता मात्र खोल्न दिइएको र पछि धेरै सामाजिक कार्यहरु देखाई भनसुन गरेपछि बचत खाता पनि खोलिएको छ । उक्त अस्पताल अन्तर्गत रहेको 'समाज सेवा शाखा' लाई समाज कल्याण परिषदमा दर्ता गराउनको लागि निवेदन दिंदा गैर सरकारी संस्थाको रुपमा जिल्ला प्रशासन कार्यालयमा दर्ता गरिनुपर्ने जस्ता विविध कारणहरु देखाई हाल सम्म त्यस तर्फ परिषदले कुनै कार्वाही नगरेको निर्देशक डा. कोइराला बताउनु हुन्छ ।

'नेशनल डेन्टल हस्पिटल' लगायत धेरै संघ संस्था र ब्यक्तिहरु स्वास्थ्य क्षेत्रमा चन्दा वा दानको रुपमा कार्यरत छन् । यसरी स्वास्थ्य क्षेत्रमा पनि धार्मिक, सामाजिक, शैक्षिक तथा साहित्यिक क्षेत्रहरुमा जस्तै थुप्रै परोपकारका कार्यहरु जनस्तरबाट सम्पन्न भएको देखिन्छ ।

परिच्छेद ५

# सामाजिक क्षेत्रमा चन्दा

*भास्कर गौतम*

समाजसेवाको क्षेत्र ज्यादै प्राचीन र विशाल छ । समाजमा हुने खानेले नहुने गरीब गुरुवालाई सहयोग, दान दिइँदै आएको हो र यो प्रचलन अहिले पनि कायमै छ । कुनै कार्य सामाजिक सेवाको क्षेत्रमा पर्छ वा पर्दैन भनेर खुट्याउन हम्मे पर्न सक्छ । यस अध्ययनमा शिक्षा, स्वास्थ्य, धर्मलाई तीन पृथक क्षेत्र र ती तीन क्षेत्रमा नपर्ने बाँकी सबै खाले चन्दा, दान वा लोकोपकारी कार्यलाई सामाजिक क्षेत्रमा राखिएको छ । राजनीतिक दललाइ दिइने चन्दा देखि लिएर प्रहरी चौकी निर्माण अथवा बाल संरक्षण सबैलाइ एकै शीर्षक - सामाजिक - मा गाभिएकाले यो परिच्छेद अलि फिंजारिएको छ । यो परिच्छेदलाई निम्न उप शीर्षकमा बिभाजन गरेर ती क्षेत्रमा भएका चन्दा, दानको अध्ययन गरिएको छ : क) विकास-निर्माण, ख) सामाजिक संरक्षण, ग) विविध सामाजिक, घ) राजनीतिक र ङ) खेलकुद ।

## क) विकास-निर्माण क्षेत्र

विकास निर्माण भनेर यहाँ भौतिक पूर्वाधार निर्माणलाई मानिएको छ । भौतिक पूर्वाधार निर्माण कार्यको लागि ग्रामीण भू-भागमा अत्यधिक, अर्ध-शहरी क्षेत्रमा आंशिक र शहरी क्षेत्रमा न्यून चन्दा परिचालन भएको छ । सडक, पुल, चौतारी, खानेपानी, कुलो र नहर निर्माण जस्ता कार्यमा चन्दा प्रदान भएको पाइन्छ । र यी निमार्णका कार्यहरु मुख्यत: ग्रामिण इलाकामा संपन्न भएका छन् । यस्ता निर्माण कार्यमा मुख्य आकर्षणको विषय हो जनसहभागिता । सामूहिक हित अनि सामूहिक उपभोगको लागि यस्ता निर्माण कार्य गरिने हुँदा स्थानीय जनताको प्रचुर मात्रामा सहभागिता भएको पाइन्छ ।

सडक, पुल र चौतारो निर्माण अनि खानेपानी नहर र कुलो निर्माणको गतिविधि बीच खासै ठुलो भिन्नता पाइन्न । सडकको तुलनामा खानेपानीको लगानी अलिक सानो भएकोले यस क्षेत्रको निर्माणमा नितान्त व्यक्तिगत प्रयासमा चन्दाको गतिबिधि अलिक बढी भएको पाइन्छ । गाउँ विकास समिति, जिल्ला विकास समिति देखि लिएर वडा कार्यालय र नगरपालिकाहरु सरकारी प्रतिनिधिका रुपमा कृयाशिल छन् । ग्रामीण स्वावलम्बन कार्यक्रम र स्थानीय समूह/संगठन (आमा समूह, उपभोक्ता समूह, स्थानीय क्लब) को प्रशस्त मात्रामा संलग्नता भएको देखिन्छ । यस्तो सहभागिता सडक, पुल र चौतारी निर्माण कार्यमा पनि ठूलो संख्यामा भएको छ ।

सरकारी सहभागिता संगै यस क्षेत्रमा चन्दा दाता भएर अन्य विभिन्न संस्थाहरु पनि ठूलो संख्यामा सहभागी भएका छन् । उदाहरणका लागि प्लान इन्टरनेशनल, जापानी रेडक्रस, नेपाल रेडक्रस सोसाइटी, भारतीय दुतावास जस्ता थुप्रै गैर सरकारी संस्थाहरुको यस्ता कार्यमा सहभागिता रहेको पाइन्छ ।

तालिका ५.१ मा तुलनात्मक रुपमा सरकारी अनुदान र चन्दा वा व्यक्तिको समय (श्रम) बीचको अनुरुपता (Proportion) देखाइएको छ । यसबाट के भन्न सकिन्छ भने सरकारी अनुदानले जनस्तरको चन्दा वा समय परिचालन गर्नमा महत्वपूर्ण भूमिका खेलेको छ ।

तालिका ५.१ बिकास निर्माणका काममा जनस्तर र सरकारी संलग्नता

| वर्ष | सडक पुल र चौतारी निर्माण | | अनुरुपता | खानेपानी, नहर र कुलो निर्माण | | अनुरुपता |
|---|---|---|---|---|---|---|
| | सरकारी अनुदान | चन्दा वा श्रम | | सरकारी अनुदान | चन्दा वा श्रम | |
| २०५३ | २,६९,००० | ३,१८,९७३ | १०:१२ | १७,९३,२०४ | २२,२२,८७८ | १०:१२.४ |
| २०५४ | ७८,२७,३३७ | २३,६४,३७५ | १०:३ | ४३,२०,६२५ | २५,७२,१३० | १०:५.९ |
| २०५५ | ८,४०,५०० | ५,५३,४९४ | १०:६.६ | ९,०६,५०० | १०,२६,४२६ | १०:११.३ |
| २०५६ | ४९,५५,०३१ | ४६,१५,६२३ | १०:९.३ | ३०,५६,८३८ | ११,५९,७३० | १०:३.८ |

**ख) सामाजिक संरक्षणको क्षेत्र**

सामाजिक संरक्षण भनेर अनाथ, असहाय, गरीब, बालबालिका, बृद्ध, पिछडिएका वर्ग तथा अपांगहरुलाई संरक्षण दिने कामलाई मानिएको छ । व्यक्तिगत रुपमा पनि सामाजिक संरक्षणका प्रयासहरु नभएका होइनन् । सायद प्रचार-प्रसारको कमिले होला छापामा यिनले ठाउँ पाएका छैनन् । काठमाडौंमा अलिक नौलो अभ्यासको रुपमा २०५६ देखि डा. शुद्ध एस. रौनियारले संचालन गर्दै आउनुभएको बाल भोजन कार्यक्रम व्यक्तिगत प्रयासको एक उच्चतम नमूना हो । बाल भोजन कार्यक्रम डा. रौनियारले सडक बालबालिका लाई खाना खुवाउने कार्यक्रमलाई दिइएको नाम हो । हरेक बेलुका मखनमा भेला हुने सबै सडक बाल बालिकालाई उनको व्यक्तिगत प्रयास बाट खाना खुवाइन्छ । बिहानको खाना भने इटुम्बहालको केशचन्द्र प्राथमिक विद्यालयमा बिहानी कक्षा पढ्ने सडक बाल बालिकालाई मात्र खुवाइन्छ । यस्तै, पशुपति गौशाला धर्मशालाले धेरै पहिले देखि प्रत्येक शनिवार बिहान गरीब, बृद्ध तथा बालबालिकालाई निःशुल्क भोजन गराउँदै आएको छ ।

निजी क्षेत्रबाट पनि केही अनाथालय सञ्चालन भएका छन् (कान्तिपुर, ८ असार २०५६) । त्यस्तै बृद्धहरुका लागि बृद्धाश्रम स्थापना तथा बिभिन्न संरक्षणका कार्य भएको पाइन्छ । उदाहरणका लागि पोखरा निवासी सुश्री ईश्वरी गुरुङ्गको प्रयासमा वृद्धहरुको संरक्षण कार्यलाई लिन सकिन्छ (आजको समाचारपत्र, २१ जेठ २०५४) । अपाङ्ग संरक्षणका क्षेत्रमा विगत चार वर्षमा निकै कम चन्दा, दानका कार्य भएको छ । सामाजिक संरक्षणका गतिविधि भित्र विशुद्ध सामाजिक प्रयासबाट (गैसस गतिविधिलाई विर्सदा) अपाङ्ग सम्वन्धी भएका कार्यहरु नगन्य संख्यामा भएको पाइन्छ । नरकुमारी कार्कीले कोटेश्वरमा निजी स्रोतबाटै अपांग महिलाहरुलाई पुऱ्याएको बिभिन्न सहयोग थोरै जनस्तरबाट भएका काम भित्र पर्छन् ।

यति हुँदा हुँदै पनि सामाजिक संरक्षणको क्षेत्रमा जनसहभागिता साथै चन्दा-गुठी यथेष्ट छैन । नाफा नकमाउने उद्देश्यले दर्ता भएका संस्थाहरुले सामाजिक संरक्षणका क्षेत्रमा कार्य गरेता पनि ती

यो अध्ययनको परिधि भित्र परेका छैनन् । यस क्षेत्रमा कति संख्यामा संस्थाहरु कार्यरत छन् भन्ने कसै संग जानकारी छैन । परोपकार संस्था निःसहाय सेवा सदन, प्रौढ कल्याण संघ नेपाल, सहारा सेवा सदन आदि काठमाडौंमा स्थित सामाजिक संरक्षणमा कार्यरत केही संस्थागत उदाहरण हुन् । सामाजिक संरक्षणको प्रतिनिधित्व गर्दै विभिन्न पक्षबाट निरन्तर कृयाशिल संगठनहरुले अत्यधिक सार्बजनिक सहयोगको अपेक्षा गरेको देखिन्छ । सामाजिक संरक्षण भित्र पर्ने अधिकांश संस्थाको कार्यारम्भ गर्न नगद सहयोग (चन्दा)को परिचालन भएको पाइन्छ । तर यिनीहरुको निरन्तरताको ठूलो अंश जिन्सी दानमा निर्भर छ (आजको समाचारपत्र, १० कार्तिक २०५६) ।

२०५३ साल देखि २०५६ सालसम्म सामाजिक संरक्षणको क्षेत्रमा चन्दा, दान बापत प्राप्त सम्पूर्ण रकम जम्मा रु. ६८,६४,२९७ रहेको छ । अन्य क्षेत्रको तुलनामा सामाजिक संरक्षणको आवश्यकता र प्रवृतिको हिसाबले चार वर्षको यो लगानी धेरै न्यून हो ।

### ग) विविध सामाजिक क्षेत्र

विविध सामाजिक क्षेत्रलाई धर्मशाला, प्रहरी चौकी निर्माण, स्थानीय सामाजिक समूह/संस्था, अक्षयकोष स्थापना र विविध सामाजिक कार्य गरेर पांच भागमा बिभाजन गरी यहाँ चर्चा गरिन्छ ।

*१) धर्मशाला*[५] धर्मशालाले निः शुल्क सेवा प्रदान गर्दैन आजकाल । 'निः शुल्क गरियो भने लापर्वाही हुने हुनाले धर्मशालाको सामान्य खर्च, ब्यवस्थापनका लागि सामान्य शुल्क लिइएको हो' पाल्पा लायन्स धर्मशालाका अध्यक्ष बुद्धिप्रसाद शर्मा भन्छन् (आजको समाचारपत्र, २९ पुस २०५४) । धर्मशालाको स्थायित्व र निरन्तरताको पक्षलाई बिचार गर्दा सशुल्क वा निम्न शुल्क यसको आवश्यक तत्वको रुपमा देखापर्छ । यस अर्थमा नेपालको विभिन्न ठाउँमा सञ्चालित धर्मशालालाई हेर्दा यिनलाई 'आधुनिक धर्मशाला' भन्नु उचित हुन्छ । उदाहरणको रुपमा विराटनगरको अतिथि-सदन र राधारमण मन्दिर धर्मशाला, काठमाडौंका पशुपति गौशाला धर्मशाला र पाल्पाको पाल्पा लायन्स धर्मशाला आदिलाई लिन सकिन्छ ।

धर्मशालाको चर्चा गर्दा मारवाडी सेवा समितिले निर्माण, संचालन गरेका धर्मशालाको उल्लेख सान्दर्भिक हुन्छ । नेपालको सन्दर्भमा धर्मशालाको उच्चतम उपभोग (बसोबास भन्दा विवाह, ब्रतवन्ध, गोष्ठीको लागि यसको प्रयोग गरेर), संचालन र संरक्षण गर्ने समुदायको रुपमा यिनीहरु देखिन्छन् । बिभिन्न सामाजिक कार्यको लागि पनि धर्मशालाको प्रयोग हुंदै आएको छ । मारवाडी सेवा समितिले देशभरी चलाउंदै आएको धर्मशालाको संख्या २५ भन्दा माथि छ (स्मारिका, २०५२) ।

*२) प्रहरी चौकी निर्माण:* झट्ट हेर्दा 'प्रहरी चौकी निर्माण' चन्दा र समाज सेवा भित्रको काम नलाग्न सक्छ । तर, घर/जग्गा दान, चन्दा तथा श्रमदान तीनै किसिमको दानको प्रहरी चौकी निर्माणमा उच्चतम प्रयोग भएको छ । यस क्षेत्रमा भएको चन्दा, दान करीब ६० लाखको देखिन आउँछ । समष्टिगत रुपमा हेर्दा यस क्षेत्रमा भएको कुल चन्दाको यो सानो हिस्सा भएता पनि सरकारी अनुदान (रु. २० लाख)को तुलनामा निकै बढी हो । सामाजिक विकासमा चन्दा प्रयोगको दृष्टिकोणबाट यो प्रहरी चौकी निर्माण, नयाँ क्षेत्र हो । तर यो नित्य दिन बढ्दै छ । प्रहरी चौकी वा

---

[५] धर्मशाला मुलतः धार्मिक हिसाबले खोलिएता पनि यस्को सन्चालन/ब्यबस्थापनमा आएको परिवर्तनले यसलाई धार्मिक शिर्षक अन्तरगत नराखी सामाजिक क्षेत्रमा राखिएको छ । धर्मशालाको अर्थ निःशुल्क बटुवा वा भीक्षुलाई बास बस्न बनाइएको घर, पाटी, पौवा भएता पनि हाल धर्मशालाको नाममा सेवा सदन संचालन भएका छन् ।

कार्यालय बनाउनलाई जग्गा दान गर्ने चलन तुलनात्मक रुपमा श्रम वा चन्दा भन्दा बढी छ । क्षेत्रको हिसाबले स्याङ्जा, दैलेख र सिन्धुपाल्चोकमा एक-एक वटा अनि काठमाडौंमा दुई वटा प्रहरी कार्यालय/चौकी निर्माण बाहेक यस किसिमका अभ्यासको मुख्य प्रयोग स्थल नेपालका पूर्वी भाग (फिदिम, इलाम, भद्रपुर, चैनपुर, महोत्तरी र सिन्धुलीमाढी) रहेको देखिन्छ । जनश्रमका अतिरिक्त प्रहरी श्रमको पनि यस कार्यमा प्रशस्त प्रयोग भएको छ ।

शान्त र सुखी समाजको जसले पनि चाहना गर्दछ भन्ने तथ्य सामाजिक विकासमा समाजसेवाको उपयोग हुँदै आएको क्षेत्र - प्रहरी चौकी निर्माण - बाट पुष्टि हुन्छ । सामाजिक सुरक्षा सवल र ब्यवस्थित होस भन्ने धारणा अनुरुप नै यो क्षेत्रले सामाजिक सेवाको टेवा प्राप्त गर्दै आएको हो । गाउँ-गाउँमा सामाजिक सुरक्षाको र सामाजिक विश्वास प्रतिको वातावरण अझ दृढ छ भन्ने कुराको पनि यस कार्यले पुष्टि गर्छ ।

*३) स्थानीय सामाजिक समूह/संस्था:* समाजमा बिभिन्न समूह, सामाजिक संघ संस्था औपचारिक वा अनौपचारिक रुपमा गोलबन्द भएर समाज सेवाको क्षेत्रमा काम गरिआएका छन् । त्यस्ता समूह/ संस्थाको कार्यक्षेत्र केही परिवार देखि गाउँ, जिल्ला वा राष्ट्रभर पनि हुनसक्छ । समाजसेवाको क्षेत्रमा स्थानीय चन्दा, दानका आधारमा सुचारु रुपले चलेका केही समूह/संस्था बारे यहाँ चर्चा गरिन्छ ।

२०५६ चैत्र मसान्त सम्म समाज कल्याण परिषदसंग आवद्ध भएका सामाजिक संघ संस्थाहरुका संख्या १०,५५५ पुगेको छ । परिषद ऐन अनुसार जिल्ला प्रशासन कार्यालयमा पंजीकृत सामाजिक संघ संस्थाहरुलाई परिषदमा आवद्ध हुन अनिवार्य छैन । नेपाल अधिराज्यभर जिल्ला प्रशासन कार्यालयमा ३०,००० भन्दा बढी संघ संस्था पंजिकृत भएको अनुमान गरिएको छ । यस बाहेक पंजीकृत नगरिएका स्थानीय संस्थाहरुको संख्या पनि मनग्य छ । यी समूह/संस्थाहरुले सामाजिक विकासमा स्थानीय श्रोतको उच्चतम उपयोग तथा परिचालन गर्दै आएका छन् । स्थानीय श्रोतको दुरुपयोग वा चन्दाको गलत प्रयोग गर्ने जमात पनि छैन भन्न सकिन्न ।

बिभिन्न स्थानमा हुने आमा समूहको सडक, चौतारी, खानेपानी, सामुदायिक भवन निर्माण आदि गतिविधि सामाजिक सहयोगको राम्रो नमूना हो । स्वदेशी दाताको सहयोगमा पनि हुनसक्छ समाज सेवा (हिमालय टाइम्स, १६ माघ २०५६) । उदाहरणको लागि गैर सरकारी संस्था अरुणोदय युवा क्लव (कान्तिपुर, २६ मंसिर २०५४), स्वावलम्बी गाउँको नमूना पुसुन्टार, (कान्तिपुर, २१ पुष २०५४), ग्रामिण स्वावलम्बन कार्यक्रम अन्तर्गत नुवाकोटमा ३४१ योजना सम्पन्न (गोरखापत्र, ६ भदौ २०५४) जस्ता बिभिन्न शीर्षकमा प्रकाशित समाचारहरुले पनि भिन्न प्रकृति भएका यी समूह/संस्थाहरुले स्थानीय श्रम, चन्दा, दानको उपयोग गरेको पाइन्छ । स्थानीय रुपमा चन्दा, दान संकलन गर्ने र संकलित त्यस्तो रकम अन्य संस्था/ समूहलाई प्रदान गरी लमी (मध्यस्थकर्ता)को भूमिका निर्वाह गर्ने संस्था हो - टेवा (जोशी, २०५६) ।

*४) अक्षयकोष:* अक्षयकोषको स्थापना सामाजिक संस्थाहरुको लागि निरन्तरताको प्रतीक मान्नु पर्दछ । तर गत चार वर्षमा चन्दा परिचालनको जुन क्रम छ त्यसको तुलनामा अक्षयकोष स्थापनामा लगानी भएको करीब ८२ लाख आयतनको हिसाबले ज्यादै न्युन रकम हो । त्यसो त यस अध्ययनमा समावेश नगरिएको साहित्यिक क्षेत्रमा भएको अक्षयकोषको प्रचलन निकै छ र त्यसको आयतन पनि ठूलै हुन्छ । त्यस्तै अक्षयकोष स्थापना गरी चल्दै आएका बिभिन्न संस्थाहरु जस्तै: टेवा, नि:सहाय सेवा सदन आदि को अक्षयकोष पनि यहाँ संलग्न गरिएको छैन ।

*५) विविध सामाजिक कार्य:* स्थानीय स्तरमा स्थानीय स्रोत, सामग्री, चन्दा, दानको उपयोग गर्दै थुप्रै सामाजिक प्रयासहरु भएका छन् । पृथक शीर्षकमा समेटिन नसकिएका, संस्थागत वा

निरन्तरता नपाउने खाले विभिन्न सामाजिक कार्य मध्ये केहीलाई यहाँ प्रस्तुत गरिन्छ । अग्नि तथा बाढी पीडितलाई राहत, स्थानीय समूह वा युवा क्लवहरुबाट कृषि तथा अन्य क्षेत्रमा भएका सहयोग, बालवालिका, बृद्ध तथा अपांगलाई लत्ता कपडा वितरण, समय-समयमा विदेशीहरुले व्यक्तिगत रुपमा गरेका सहयोग, निजी खर्चमा भएका विविध प्रयास, सुन्दा अलिक आश्चर्य लाग्ने अन्य सामाजिक कार्यका केही उदाहरणलाइ यस शीर्षकमा चर्चा गरिन्छ ।

अरुण थापा साँझ, भक्तराज आचार्य सहयोग साँझ, दैवी बिपत्ती पीडित सहयोगार्थ आदि नाममा बिभिन्न कलाकारहरुको समूहबाट सांस्कृतिक कार्यक्रम हुने गरेको छ । देशका बिभिन्न ठाउँमा बाढीपीडित राहत समितिबाट चन्दा संकलन, लुगा-कपडा र खाद्यान्न वितरण हुने गरेका छन् (कान्तिपुर, २१ साउन २०५३) । दैवी प्रकोपमा सहयोग गर्न प्रधानमन्त्री दैवीप्रकोप उद्धार समिति कोषको स्थापना देखि लिएर गैर सरकारी संस्थाको संलग्नताका थुप्रै उदाहरण पाइन्छ । निरन्तरताको हिसावले बाँके जिल्लाको बिभिन्न गाउँमा नेपाल रेडक्रस सोसाइटी बाँके शाखाले २०५२ सालदेखि दैवी प्रकोप पीडित समूहलाई पुऱ्याउदै आएको सहयोगलाई लिन सकिन्छ (गोरखापत्र, ३० फागुन २०५६) ।

तिहारमा खेलिने देउसी भैलोलाई मनोरन्जनका अतिरिक्त थुप्रै रचनात्मक कार्यका लागि पनि उपयोग गरेको प्रशस्त उदाहरण छन् । स्थानीय संस्कृतिको सम्बर्धनका अतिरिक्त स्कुल भवन बनाउने, बाटो घाटो वा कुला कुलेसा मर्मत गर्ने, सामुदायिक भवन बनाउने जस्ता थुप्रै कार्यहरु द्यौसी भैलो बाट उठेको रकमले गरेको पाइन्छ ।

लायन्स ल्कब, रेयुकाई नेपाल, लियो क्लब आदि संस्थाको अगुवाइमा अथवा सांसदहरुको समूह, नेपाल रेडक्रस सोसाइटीको सकृयतामा अथवा स्थानीय नव दुर्गा क्लव, धामीहरुको जातीय समुदाय आदिको सहयोगमा चर्पी निर्माण देखि लामो ढुंगाको सिंढी निर्माण (आजको समाचारपत्र, २२ भदौ २०५५), गरीब, टुहुरा, असहाय बालबालिका, अन्धा, अपांग, वृद्धहरुलाई लुगा कपडा वितरण, दलितलाई बाख्रा वितरण (कान्तिपुर, ११ चैत्र २०५३), वृद्धभत्ता तटवन्धन निर्माणमा अर्पण (कान्तिुर, १९ पुष २०५६) आदि समाचारले समाजसेवा का विविध क्षेत्रमा भएका प्रयासलाई उजिल्याउँछ ।

सामुहिक प्रयासबाट पालिएको पश्चिमाञ्चल कै उत्कृष्ठ रांगोको कमाईबाट वाचनालयको स्थापना, अग्नि तथा बाढीपीडितलाई तत्काल राहत पुऱ्याउनुका साथै वैदिक संस्कार सम्पन्न गर्न सहायता पुगेको छ (आजको समाचारपत्र, १८ साउन २०५४) । यो उदाहरणले जनस्तरबाट भएका चन्दा दानको विविधता प्रष्ट हुन्छ ।

सामाजिक कार्यको लागि भएका यी अभ्यासले चन्दा, दानका गर्ने वा समाजसेवाका उपायहरु अनेक छन् भन्ने पुष्टि गर्दछ । रकमको संलग्नताको हिसाबले बिर्तामोडको इलाका हुलाकको चर्चा नहुन सक्छ तर प्रकृतिको हिसावले हुलाकका कर्मचारीहरुले आफ्नो खर्चमा सञ्चालन गर्न सक्षम इलाका हुलाक कार्यालय एक पृथक प्रयास हो (कान्तिपुर, १२ असार २०५४) ।

लामो समयदेखि असंगठित, समाजसेवाले दृष्टि नपुऱ्याएको सामाजिक विषयले विविध र निरन्तर अभ्यासबाट चासो पाउन थालेका छन् । समाजमा अपहेलित रोग (कुष्ठरोग, क्षयरोग आदि), अपाङ्ग, सडक बालबालिका, महिला आदि क्षेत्र सामूहिक उत्तरदायित्वका रुपमा उजागर भएका छन् । समाजसेवाको संगठित नीति, दृष्टिकोण र कार्यक्रम सम्बन्धमा कानूनी छलफलको थालनी भएको छ । वित्तीय परिचालनको सन्दर्भमा स्वदेशी, विदेशी र सरकारी, गैर सरकारी र व्यक्तिगत श्रोतहरु परिचालन हुन थालेका छन् । समाजसेवामा लागेका व्यक्तिहरुलाई सम्मान गर्ने गरिएको प्रचलन शुरु भएको छ ।

### घ) राजनीतिक क्षेत्र

राजनीतिक क्षेत्रमा हुने चन्दा, दानको चर्चा गर्दा दलको कार्यालय निर्माण गर्न जग्गा दिने वा घर/जग्गा नै दिने चलन प्रशस्त चलेको छ । अन्य दलको तुलनामा नेपाली कांग्रेसले यस्ता सहयोग धेरै पाएको देखिन्छ । घर/जग्गा र चन्दा स्वरुप नेपाली कांग्रेसले झापा, मोरङ्ग, सोलुखुम्वु, बारा, वर्दिया, मकवानपुर, काठमाडौं, ललितपुर, पोखरा आदि स्थानमा दलको कार्यालय भवन निर्माणको निम्ति सहयोग पाइसकेको छ । यस्तै नेकपा (एमाले) ले ललितपुरमा मनमोहन प्रतिष्ठानको लागि र नेकपा (संयुक्त) ले गौरमा पार्टी कार्यालयको निम्ति घर/जग्गा प्राप्त गरेका उदाहरण छापामा आएका छन् ।

राजनीतिक क्षेत्रबाट समाज सेवाका क्षेत्रमा खासै सृजनात्मक अभ्यास भएका छैनन् । राजनीतिक दलहरुले आफ्नो कार्यालय निर्माण गर्न प्राप्त गर्दै आएको घर/जग्गा र नगद सहयोग सबैलाई चन्दा वा दान मान्न सकिन्न भन्नेहरुको मत पनि ठुलै छ । राजनीतिमा प्रत्यक्ष वा सकृय सरोकार राख्ने वर्ग भन्दा इतरका व्यक्तिको निमित्त यस्तो खाले अभ्यास अनौठो हो । निर्वाचनमा टिकट वा अन्य कुनै लाभदायी पद प्राप्तिको लागि गरिएको सहयोगलाई चन्दा नभनी सौदाबाजी भन्नुपर्छ भन्नेहरु पनि प्रशस्त छन् ।

राजनीतिक दलले पाएका सहयोग बाहेक राजनीतिक दल वा दलका ब्यक्तिबाट पनि सामाजिक सेवा पुऱ्याउने हेतुले स-साना अभ्यास भएका छन् । काठमाडौंका नेपाली कांग्रेसका तिर्थमान डंगोलले आफू बसिरहेको घर आफ्नो दम्पतिको शेषपछि असहाय बाल/बृद्धाहरुको कल्याणका लागि प्रदान गर्ने घोषणा गरेका छन् (कान्तिपुर, १९ बैशाख २०५६) । यस्तै, कम्युनिष्ट आन्दोलनको क्रममा पीडित योद्धा र शहीदका परिवारको शिक्षा र स्वास्थ्यमा खर्च गर्ने उद्देश्यले नेकपा (माले)ले 'मदन आश्रित कार्यकर्ता संरक्षण कोष' को नाममा चन्दा संकलन गरेको छ (कान्तिपुर, ४ जेठ २०५५) । नेकपा (एमाले) ले माओवादीबाट मारिएकाहरुको परिवार र अन्य पीडितहरुलाई सहयोग पुऱ्याउने उद्देश्यले चन्दा संकलन गरेको छ (कान्तिपुर, २० फागुन २०५६) । राजनीतिक क्षेत्र संग सम्बन्धित माथिका उदाहरणमा तीर्थराम डंगोलको उदाहरण बाहेक अरु उदाहरण राजनीति मै सिमित रहेको छ ।

राजनीति र चन्दाको चर्चा गर्दा नेपाली कांग्रेसकी पूर्व सांसद मैयादेवी श्रेष्ठको उदाहरण अरु भन्दा पृथक छ । श्रेष्ठ सामाजिक र राजनीतिक दुवै क्षेत्रलाई निरन्तर सहयोग पुऱ्याउँदै आएकी एक मात्र हस्ती हुन् । मैयादेवी श्रेष्ठले नेपाली काँग्रेसलाई घर दिनुका अतिरिक्त धार्मिक क्षेत्र देवघाटको विकासमा तथा शिक्षा, सामाजिक क्षेत्रमा समेत उनको ठूलो योगदान रहेको छ ।

### ङ) खेलकुद क्षेत्र

नेपालमा खेलकुद पिछडिएको क्षेत्र मध्ये एक मानिन्छ । विगत ४ वर्षमा खेलकुदको क्षेत्रमा चन्दा स्वरुप प्राप्त रकम रु.१५,६९,३७५ मात्र छ । यो रकम मात्र बाह्रवटा चन्दाका परिणाम हुन् । यसमा खेलकुदको क्षेत्रमा स्थापना भएको दुई वटा अक्षयकोषको रकम रु ११ लाख २० हजार र गाविसको अनुदान रु १ लाख समावेश गरिएको छैन । खेलकुद कै क्षेत्रबाट खेलकुदका लागि चन्दा प्राप्त भएको उदाहरण दलबहादुर राना मगरको नाममा स्थापित रु १० लाखको अक्षयकोष मात्र हो । अन्यथा यस क्षेत्रका कुनै संघ संस्थाको सकृयतामा कुनै अभ्यास भएको पाइदैन । धनकुटाको खेलकुद विकास समिति अपवादको रुपमा आएको छ । खेलकुदको क्षेत्रमा भएको अर्को मुख्य उदाहरण पूर्व नेपाल सुन्दरी निलिमा गुरुङ्गको सकृयतामा सुस्तमनस्थिति भएका बालबालिकाहरुको विशेष खेलकुद

(स्पेशल ओलम्पिक्स) संचालनमा सघाउ पुऱ्याउने उद्देश्यले खडा गरेको रु. १ लाख २० हजारको अक्षयकोष हो (आजको समाचारपत्र, ९ माघ २०५५)।

## चन्दा, दानको आयतन

सामाजिक क्षेत्रमा बिभिन्न व्यक्ति, संघ, संस्था, सरकार र अन्य श्रोतबाट प्राप्त चन्दा, दानको सामान्य आयतन तय गर्ने प्रयास यहाँ गरिएको छ। तालिका ५.२ मा यस क्षेत्रमा बिभिन्न शीर्षकमा विगत ४ वर्षमा दिइएको दानको फेहरिस्त दिइएको छ। समाचारपत्रका सामग्रीबाट मात्र यो आयतन निकालिएकाले वास्तविक आयतन निकै बढी छ भन्ने सहजै अनुमान गर्न सकिन्छ। बिभिन्न सामाजिक संस्थाले आफ्नै हिसाबले चन्दा, दान संकलन गरेका हुन्छन्। उदाहरणका लागि निःसहाय सेवा सदनको चन्दा द्वारा स्थापित अक्षयकोषको रकम १३ लाख ३६ हजार ४ सय ६१ रहेको छ। यो संस्था जस्तै अरु संस्थालाई प्राप्त चन्दा, दानको अभिलेख प्राप्त छैन।

छापामा आएका समाचारका आधारमा सामाजिक क्षेत्रमा विगत चार वर्षमा झण्डै २७ करोड रुपियाँ चन्दा प्राप्त भएको देखिन्छ। २०५५ सालमा यस्तो चन्दा अन्य वर्षको तुलनामा कम उठेको छ। सामान्य हिसाबले हेर्दा यस्तो चन्दाको आयतन वर्षेनी बढ्दै गएको देखिन्छ। सामाजिक क्षेत्रले अंगालेको विस्तृत क्षेत्रफललाई सकेसम्म सानो बनाएर समावेश गर्न खोजिएको छ।

तालिका ५.२ सामाजिक क्षेत्रमा बिभिन्न शीर्षकमा प्राप्त चन्दा, दान

| क्रस | विवरण | २०५३ | २०५४ | २०५५ | २०५६ | कुल |
|---|---|---|---|---|---|---|
| १. | सडक, पुल चौतारा निर्माण | १,३१,३०,४२७ | ९५,१३,९१८ | ६७,०४,०३३ | १,५६,६१,५०७ | ४,५०,०९,८८५ |
| २. | खानेपानी, नहर, कुलो निर्माण | १,५४,४३,२५९ | २,९२,०३,९६६ | ९८,१५,०८७ | ५,०५,७३,९७५ | १०,५०,३६,२८७ |
| ३. | अनाथालय, वृद्धाश्रम | ९५,००० | १५,००,००० | २६,७५,००० | २५,९६,२९७ | ६८,६४,२९७ |
| ४. | धर्मशाला | ६,७१,६५५ | ३९,३०,००० | ४,८१,४९९ | २५,००० | ५१,०८,१५४ |
| ५. | प्रहरी चौकी निर्माण | ६,८५,३७३ | ३०,३३,४३० | १०,००,००० | ८,०५,००० | ५५,२३,८०३ |
| ६. | अक्षयकोष | ७,२५,००० | ५२,२०,००० | ६,२०,००० | १५,९६,१११ | ८१,६१,१११ |
| ७. | राजनीति | १३,८८,४५० | – | १६,००,००० | ८१,२४,२०० | १,११,१२,६५० |
| ८. | खेलकुद | २,००,००० | ३,५१,२४४ | १०,१८,१५१ | – | १५,६९,३७५ |
| ९. | सामुदायिक/ गाविस भवन | १,३३,९२० | २,११,००० | २,००,००० | ३,७३,००० | ९,०७,९२० |
| १०. | सामाजिक विविध | १,१०,६७,७६० | ३,५८,५९,८५० | ४,०५,१४,८७ | २,५७,००,१४७ | ७,६६,७९,२४४ |
| | कुल | ४,३५,३८,८४४ | ८,८८,२३,४०८ | २,८१,६५,२३७ | १०,५४,४५,२३७ | २६,५९,७२,७२६ |

विकास निर्माण अन्तर्गत परेको सडक, पुल, चौतारा, खानेपानी, नहर, कुलो आदि निर्माणमा चन्दा परिचालनमा प्रयोग भएको सरकारी अनुदानलाई पनि यस तालिकामा समावेश गरिएको छ। प्रहरी चौकी/ कार्यालय निर्माण, राजनैतिक क्षेत्रमा प्राप्त भएका जग्गाहरुको मूल्य फेला परे सम्म सामेल गरिएको छ। त्यस्तै बिभिन्न अनाथालय तथा बृद्धाश्रमले प्राप्त गरेका जिन्सी सामग्रीको पनि मूल्य तोकिएको अबस्थामा तालिका ५.२ मा सामेल गरिएको छ।

## चन्दा दानको उद्देश्य

चन्दा, दान दिनु, लोकोपकारी कार्य गर्नुका पछाडि प्राथमिक लक्ष जहिले पनि सामूहिक हित तथा सामाजिक उन्नति हुने गर्दछ। असल कार्यको जशको रुपमा यश रहन्छ। नाम रहँदैमा कसैले यश राख्नलाई मात्र समाजसेवा गरेको भन्न मिल्ने स्थिति छैन। त्यसैले निःस्वार्थ उद्देश्य लिएर कुनै एकले गरेको चन्दामा अर्कोले स्वार्थ देखिरहेको हुन सक्छ। यति हुँदा हुँदै पनि चन्दा, दानको उद्देश्यलाई तीन भागमा बाँडेर बिवेचना गरिन्छ।

*क) मान/प्रतिष्ठाको आशा:* आजभन्दा करीब १५० वर्ष अघि घाँसीबाट प्रेरणा पाएर आदिकवि भानुभक्तले नेपाली साहित्यलाई ठूलो गुन लगाए। कीर्तिको लोभ नभए पनि आश थियो घाँसीमा, जुन साकार पनि भएको छ आज। यही कीर्तिको आशा र लालसा बीच समाज सेवा विस्तार भएको देखिन्छ। चन्दा दानकै कारण समाजमा दाताको मान/प्रतिष्ठा अभिबृद्धि हुने गरेको छ।

'सीता स्मृति कोष'ले बिना कुनै संकोच माग गरेको उद्देश्य हो सीता प्रधानको प्रतिष्ठा। यो एउटा उदाहरणले मुलुकमा विद्यमान धेरै यस्ता कोष, पुरस्कार आदिको प्रतिनिधित्व गर्दछ। काठमाडौंका किरण थापाले आफ्ना बाबु बद्री बिक्रम थापाको स्मृतिमा 'स्मृति सेवा गुठी'को स्थापना गर्नु वा भूपालमान सिंह कार्कीले आफ्नै नामको प्रज्ञा प्रतिष्ठान अन्तर्गत १ करोडको कोषबाट आफ्नै परिवारको सबै सदस्यको नाममा १३ वटा पुरस्कारको स्थापना गर्नु सबैले के देखाउँछ भने आफ्नो हैसियत र लगानी अनुरुपको प्रतिष्ठाको चाहना सबैले गर्छन्।

*ख) उपभोक्ता हुने विश्वास:* सामाजिक कार्य सम्पन्न गर्न कुनै समाजका बासिन्दाले चन्दा, दान प्रदान गर्छन् भने कार्य सम्पन्न भएपछि त्यस समाजका प्रत्येक व्यक्तिले उक्त बस्तुको उपभोगकर्ता हुन्छन्। उदाहरणका लागि गाउँको बाटो बनाउने कार्यमा गाउँका प्राय सबैको सहभागिता हुन्छ किनकी उक्त बाटोमा सबै गाउँले हिंड्छन्। यही उपभोगकर्ता मध्येको एक हुन पाउने विश्वासमा व्यक्तिको चन्दा (मुख्यतः श्रम र आंशिक रुपमा अर्थ) परिचालन भएको छ। विकास निर्माण शीर्षक अन्तर्गत छलफल गरिएका उदाहरणमा परिचालित स्थानीय श्रमदानको ठूलो अंश यसको उत्कृष्ट उदाहरण हो। पोखरा कारागारका बन्दी धनसिंह गुरुङ्गको सहायतामा कैदीहरुमा आइपरेको समस्या सुल्झाउने उद्देश्यले खडा भएको कोष एउटा राम्रो उदाहरण हो।

*ग) भावनाको सम्बन्ध:* शिक्षा भावनात्मक सम्बन्धको सबै भन्दा प्रचुर प्रयोग भएको क्षेत्र हो। अन्य सामाजिक क्षेत्रमा पनि यसले सरोकार राख्दछ। भावनात्मक सम्बन्ध व्यक्तिगत वा संस्था/समूहगत हुने गर्दछ। जापानी नागरिक आइको कोन्दोका अनुसार उनका श्रीमान्ले नेपाली जनता र गरीब तथा बालबालिकालाई ठूलो सहयोग गर्ने सपना देखेका थिए (कान्तिपुर, २६ फागुन २०५५) यही कारण उनले नेपालमा समाजसेवा गर्न थालिन्। समाजसेवा संगै उनको श्रीमान्को सपना साकार पार्न व्यक्तिगत सम्बन्धको भावनाले खेलेको भूमिका यो उदाहरणमा महत्वपूर्ण छ। एक आमाबाबुले छोरीको संझनामा 'सुन्द्री चेतकी राज्यलक्ष्मी कार्की गरीव तथा असहाय कोष

२०५६' को स्थापना लगायत अन्य बिभिन्न सम्बन्धको आडमा, स्मृति/सम्झनामा खोलिएका बिभिन्न कोष, पुरस्कार भावनात्मक सम्बन्ध कै परिणाम हो ।

चरिकोटमा थामीहरुको सामुहिक प्रयासबाट भएका सामाजिक गतिविधिमा थामीहरुको जातीय उन्नतिको मात्रा पनि विद्यमान छ । थामीहरुको यस प्रयासको अभिप्रेरक तत्व हो सामुहिक भावना । यस्तै अर्को समूहगत भावनाको सम्बन्धमा भएको सामाजिक कार्यको उदाहरण हो - दुबै ठाउँका नेपालीलाई सहयोग पुऱ्याउन न्यूजिल्याण्डमा भएको कोषको स्थापना (कान्तिपुर, २८ बैशाख २०५५) ।

## चन्दाको प्रकृया

चन्दा कसरी संकलन हुन्छ ? संकलित चन्दा बाट तोकिएको कार्य कसरी सम्पन्न हुन्छ ? चन्दाको प्रकृया भन्नाले कार्यको पहिचान देखि कार्य सम्पन्न हुँदा सम्मको अवस्था मानिएको छ । यसलाई चन्दा संकलनको प्रकार र संगठनात्मक स्वरुपमा बिभाजन गरिएको छ ।

*क) चन्दा संकलनका प्रकार:* चन्दा संकलन गर्ने बिभिन्न तरिका/प्रकृयाको निरन्तर अभ्यास भइरहेका छन् । दाताको संख्या चन्दा संकलन प्रकृयामा ओझेलमा रहेको पक्ष हो । दाताको संख्यालाई प्राथमिकता साथ बाहिर ल्याउने प्रयासहरु भएका छैनन् । चन्दा, दानका किसिम, प्रकार कस्ता हुन्छन् ? यिनीहरुबारे यहाँ संक्षेपमा चर्चा गरिन्छ ।

*नगद दान* चन्दा संकलनको ठूलो र भरपर्दो रुप हो । कार्यको प्रकृति अनुसार र कार्यसंग संलग्न व्यक्तिहरुको सामाजिक स्थिति अनुरुप नगदको परिमाण सानो र ठूलो हुने गर्दछ । भक्तपुर नगरको सरसफाईलाई ध्यानमा राखेर नगरपालिकाले प्रत्येक व्यक्तिसित उठाएको रु. १, सानो रकम र ठूलो संख्यामा संलग्न चन्दादाताको उदाहरण हो । भैरहवामा नथमल गिनीयादेवी ट्रष्टको नाममा चारजना दाजुभाई र तिनीहरुको छोरा छोरीको चन्दाबाट करीब रु. ६० लाखमा निर्मित भवन ठूलो धनराशी र सानो दाता संख्याको नमूना हो (कान्तिपुर, ३० जेठ २०५३) ।

नगद दान संगै *जिन्सी दान*को प्रचलन पनि रहेको पाइन्छ । विशेष गरेर बाढीपीडितलाई सहयोग गर्ने उद्देश्यले गठित बिभिन्न समितिले लत्ता कपडा, पाल, खाद्यान्न आदि बाँड्ने प्रचलन ब्याप्त छ । गरीब, अपांग, बालबालिका र वृद्धहरु जिन्सी दान उपभोग गर्ने वर्गमा पर्दछन् । अनाथालयहरु मार्फत पनि प्रशस्त मात्रामा जिन्सी दान भएको पाइन्छ । मुठी दानको भरमा टिकेको इटहरीको 'बालबालिका सेवा आश्रम' र निरन्तर जिन्सी सहयोग पाउँदै आएको शोभा भगवतीको 'अनाथ आश्रम' जिन्सी दानका उदाहरण हुन् ।

*जग्गा दान* चन्दाको अर्को रुप हो । जग्गा दान दिने क्रम बढ्दै गएको पाइन्छ । सामाजिक क्षेत्रमा विगत ४ वर्षमा प्रहरी कार्यालय र राजनीतिक पार्टी कार्यालय निर्माण गर्ने क्रममा जग्गा दानको चलन अलि बढेको पाइएको छ । यी दुई बाहेक फाटफुट रुपमा गा.वि.स. भवन र सामुदायिक भवन निर्माण गर्न र विभिन्न सेवा आश्रम वनाउन पनि जग्गा दान भएको पाइन्छ ।

*श्रमदान*को प्रचुर प्रयोग विकास निर्माण कार्यमा भएको छ । श्रमदानको प्रकृया निरन्तर फष्टाउँदै आउनमा दुई उत्प्रेरक तत्व देखिन्छन् : एक विकास निर्माण तर्फ भएको सरकारी अनुदान र अर्को चन्दाको उद्देश्यमा चर्चा गरिएको दाता पनि उपभोक्ता बन्न पाउने आधार ।

*ख) चन्दा संकलनको संगठनात्मक स्वरुप:* चन्दा संकलनको काम अ) ब्यक्तिगत, आ) समूहगत/संस्थागत तथा इ) सरकारी संलग्नतामा गरिँदै आएको छ ।

अ) व्यक्तिगत संलग्नता: नितान्त एउटा व्यक्तिको प्रयासमा पनि समाजसेवाका कार्य सम्पन्न भएको देखिन्छ । डा. शुद्ध एस. रौनियारले शुरु गरेको बाल भोजन कार्यक्रम ब्यक्तिगत संलग्नताको एउटा उदाहरण हो । डा. रौनियार नै बाल भोजन कार्यक्रमका संस्थापक, दाता तथा संचालक सबै हुन् । उनको ब्यक्तिगत प्रयासलाई विगत केही समय देखि अरु ३०-४० जनाले पनि आर्थिक सघाउ पुऱ्याएका छन् । रौनियार भन्छन् 'ब्यक्तिगत प्रयासमा समाजसेवा गर्दा विश्वासको संकट हुन्छ तर विश्वास दिलाउन सकेमा सहयोग गर्नेहरु भेटिंदा रहेछन् ।'

व्यक्तिगत प्रयासमा विविध उद्देश्य लिई स्थापना भएका कोष र तिनको निरन्तरता देख्न पाइन्छ । व्यक्तिगत प्रयासमा हुने विकास निर्माणका कार्य चन्दा, दानको क्षेत्रमा नयाँ क्षेत्रका रुपमा देखिएका छन् ।

आ) समूहगत/संस्थागत संलग्नता: देशका बिभिन्न ठाउँमा आमा समूहको सकृयतामा भएका असंख्य प्रयास समूहगत संलग्नताको राम्रो नमूना हो । समय समयमा लायन्स क्लव, लियो क्लव, रेयूकाई नेपाल, रेडक्रस सोसाइटी इत्यादि संस्थाहरुको संलग्नतामा हुने सामाजिक कार्यहरु संस्थागत सकृयताका उदाहरण हुन् । समाजसेवा नै मुख्य उद्देश्य लिएर खोलिएका परोपकार संस्था, सहारा सेवा सदन, नि:सहाय सेवा सदन, प्रौढ कल्याण संघ नेपाल आदि संस्थागत संलग्नताका उदाहरण हुन् ।

यी संस्थाहरु प्राय: को आर्थिक गतिविधि पारदर्शी छैन । आयश्रोतको सन्दर्भलाई लिएर प्रश्न गर्दा 'समय समयमा स-साना समस्या आएपनि जसोतसो पुगिरहेकै छ' भन्ने उत्तर नै धेरै संस्थाबाट आएको छ । संस्थाको आर्थिक स्थितिका बारे प्रष्ट बताउने नि:सहाय सेवा सदन जस्ता संघ/संस्थाहरु पनि केही पाइएको छ । यी संस्थाहरुमा कामको प्रकृति अनुसार आवश्यक समिति गठन गरेर कार्य सम्पन्न हुने गरेको पाइन्छ ।

इ) सरकारी संलग्नता: सरकारी संलग्नता ब्यापक भएको क्षेत्र विकास-निर्माणको क्षेत्र हो । सरकारी संलग्नता बारे विकास-निर्माण संबन्धी शीर्षकमा छलफल गरिसकिएको छ । यस बाहेक समाज कल्याण परिषदले बिभिन्न सामाजिक संघ/संस्थालाई उपलब्ध गराउँदै आएको अनुदान/सहयोग पनि यही कोटीको अर्को उदाहरण हो ।

परिच्छेद ६

## ब्यापारिक क्षेत्र र चन्दा

*प्रत्यूष वन्त र रमेश पराजुली*

विश्वका सबै भन्दा धनी ब्यक्ति माइक्रोसफ्ट कम्पनीका मालिक बिल गेट्सले सन १९९९मा उनी आफैं संलग्न भएको एक चन्दा गुठीलाई थप करिब १२ अर्ब अमेरिकी डलर चन्दा दिए । यस घोषणाले उनलाई सबै भन्दा बढी दान दिने ब्यक्तिहरुको श्रेणीको प्रथम पंक्तिमा पुऱ्यायो । त्यस समाचारले विश्वब्यापी चर्चा पायो । १७ अर्ब अमेरिकी डलर भन्दा बढी कोषको उक्त गुठीले संसारभरका विभिन्न मुलुकमा आवश्यक सहायता पुऱ्याउने योजना बनाएको छ । त्यसैको केही अंश नेपालको स्वास्थ्य क्षेत्रमा लगानी हुने सम्बन्धी समाचार पनि प्रकाशित भैसकेको छ । भारतमा पनि ठूल्ठूला कम्पनीका धनी साहुजिहरुले आफ्नो कमाइको केही अंश चन्दाका लागि छुट्याउँदै आएको पाइन्छ । टाटा कम्पनीका मालिकहरुले स्थापना गरेको रतन टाटा चन्दा गुठीले हालै मात्र वातावरणबादी गैर सरकारी संस्था सेन्टर फर साइन्स एण्ड इन्भार्नमेन्टलाई करिब साढे दुइ करोड भारतीय रुपैया प्रदान गर्ने घोषणा गरेको थियो ।

नेपालमा भने धनी साहुजीहरुले यस प्रकारको चन्दा छुट्याउने प्रचलन निकै कम छ । खासगरी राजधानी काठमाडौं, विराटनगर र बीरगञ्जका ठूल्ठूला साहुजी लगायत मध्यमखाले साहुजीहरुको संख्या पनि प्रशस्त छ । तर उनीहरुबाट संयुक्त रुपमा वा ब्यक्तिगत रुपमा चन्दा दान दिने प्रचलन भने धेरै छैन । बरु सबै धनी ब्यापारीले सबै राजनीतिक पार्टीहरुलाई चुनावका बेला अथवा पार्टी चलाउनका लागि चन्दा दान दिने गरेका छन् । त्यसरी दिइने चन्दा पनि राजनीतिक पार्टीहरु बलियो बनाउने उद्देश्यले भन्दा त्यसपार्टीको सरकार बनेका बेला आफुले मगाउने वा बनाउने सामानमा कसरी सहुलियत लिने भन्ने हिसाबकिताबका लागि गर्ने गरेको स्वयं ब्यापारीहरुले बताउँदै आएका छन् । विभिन्न पार्टीले आफ्नो पार्टीको सरकार भएका बखत ठूला ब्यापारीको करोडौं रुपैया सम्बन्धी मुद्दा फिर्ता लिएको पनि उदाहरण प्रशस्त छन् । यसरी नेपालको कर्पोरेट क्षेत्रमा चन्दा दान सामाजिक भलाइका लागि भन्दा ब्यक्तिगत फाइदाका मामिलामा संझौताका रुपमा देखिएको छ ।

अनुसन्धानका क्रममा चार वर्षको मुख्य मुख्य पत्रिका केलाउँदा कर्पोरेट क्षेत्रबाट गरिएको चन्दादान नगन्य मात्रामा देखिनुले नेपालको कर्पोरेट क्षेत्र चन्दा दानको हिसाबले निकै पछाडि भएको तथ्य पुष्टि हुन्छ । यदि कर्पोरेट क्षेत्रबाट चन्दा दानका क्रियाकलाप भएको हुँदो हो त अवश्य पनि पत्रिकामा उनीहरुको समाचारले ठाउँ पाउँथ्यो किनभने पत्रपत्रिकामा उनीहरुको पहुँच सामान्य ब्यक्तिको भन्दा बढी रहेको हुन्छ । टेवा नामक चन्दा गुठीको संस्थापक रीता थापा नेपालको ब्यापारीक क्षेत्रबाट टेवाको जीवनकालमा खासै सहयोग नपाएको बताउनु भएको छ । ठूल्ठूला ब्यापारीकहाँ गएर चन्दा संकलनका लागि पटक पटक आग्रह गर्दा पनि केही प्राप्त हुन नसकेको हुनाले हिजोआज ठूल्ठूला ब्यापारीकहाँ चन्दा माग्न जान उहाँले छाड्नु भएको छ । मध्यमवर्गका तथा सर्बसाधारणबाटै लक्ष्य अनुरुपको चन्दा संकलन भइरहेको थापा बताउनुहुन्छ ।[१]

---

[१] लायोनेल कापलान (सन १९९८)ले दक्षिण भारतको एंग्लो इण्डियन समुदायमा गरेको अध्ययनमा सामान्य, मध्यम वर्गीय मानिसहरु नै लोकोपकारी कार्यहरुमा अत्यधिक रुपमा संलग्न भएको पाए ।

अमेरिकाका हेनरी फोर्ड वा रकफेलरले दिने गरेको चन्दा दान, अहिलेका बील गेट्स र अन्य चन्दादाताहरु, छिमेकी मुलुक भारतको टाटा कम्पनीका मालिकहरुले दिने गरेको करोडौंको चन्दा दानको प्रचलन केलाउँदा नेपालका उद्यमी र व्यापारीले किन त्यस्तो दान दिने पट्टि ध्यान नदिएका होलान् भन्ने प्रश्न उठनु स्वाभाविक हो । एक दुइ व्यापारीले त्यसरी चन्दा छुट्याए पनि हालसम्म त्यसप्रकारको चन्दा उनीहरुको पारिवारिक रुचि भित्र मात्र सिमित छ । यसको एउटा उदाहरण व्यापारिक समुह 'ज्योती ग्रुप'ले बुढानिलकण्ठमा चलाइरहेको विपश्यना ध्यान केन्द्र हो । व्यवसाय पारिवारिक भए जस्तै चन्दा पनि पारिवारिक रुचि र नियन्त्रणमा प्रयोग भइरहेका अरु पनि उदाहरणहरु छन् ।

सर्वसाधारणले नेपालको कर्पोरेट क्षेत्रबाट पनि राम्रो चन्दा, दान वा कोषको आशा गरेको पाइन्छ । तर हाम्रो कर्पोरेट सेक्टरले यस्ता चन्दा दान वा गुठी स्थापना गर्नमा उति सारो इच्छाएको अनुसन्धानबाट देखिएन । नेपालका उद्योगी तथा व्यापारी समुदायबाट किन चन्दा, दान वा सार्वजनिक हितको कार्यमा सहभागिता नदेखाइएको होला भन्ने प्रश्न उठ्नु स्वाभाविक हो । यस सम्बन्धमा व्यवस्थापन विज्ञ रत्न संसार श्रेष्ठले मार्टिन चौतारीले चन्दा गुठीका बारेमा २०५६ मंसिरमा आयोजना गरेको अन्तरक्रिया कार्यक्रममा प्रस्तुत गरेको टिप्पणी पत्रमा भनेका छन्: 'नेपाली उद्योगी तथा व्यापारीको खुद पुँजी एकदम कम हुन्छ । कालो धन हुने व्यक्तिको तुलनामा सेतो धन हुने व्यक्ति सार्बजनिक हितको लागि खर्च गर्न बढी इच्छुक हुन्छ । दुई कारणले - कहाँ बाट ल्यायो भन्ला भन्ने समस्याले गर्दा र आयकार छुट नचाहिने कारणले (कालो धनको आयमा आयकर नै लाग्दैन !) ।' खुद पुँजी कम र भएकोमा पनि कालो धनको प्रतिशत हावी भएकोले श्रेष्ठको बिचारमा पनि नेपालका ठुला व्यापारी र उद्योगीहरु चन्दा, दान वा सार्वजनिक हितका कार्य प्रति आकर्षित हुन नसक्ने कुरालाइ प्रष्ट्याउँछ ।

कर्पोरेट क्षेत्र चन्दा दिन धेरै इच्छुक नहुनुमा नेपालका नियम कानून पो कारक हुन् कि ? आयकर ऐन २०३१को दफा ४३ बमोजिम 'नेपाल अधिराज्य भित्र गरिने धार्मिक कार्य वा सार्वजनिक हितको लागि करदाताले खर्च गरेको वा चन्दा दिएको बढीमा एक लाख रुपियाँ सम्म वा खूद आयको पाँच प्रतिशत मध्ये जुन घटी हुन्छ सो हद सम्मको रकम करदाताको आय निर्धारण गर्दा खर्च बापत कट्टा गरिनेछ' भन्ने व्यवस्था गरिएको छ । उदाहरणका लागि : रु ५ लाख खूद आय हुनेले रु २५ हजार वा सो भन्दा बढी रकम चन्दा दियो भने उक्त ऐन अन्तरगत कर लाग्ने आयबाट रु २५ हजार मात्र कटाएर आयकर निर्धारण गराउन पाउँछ । अर्थात पाँच लाख खुद आय भएको व्यक्तिले एक लाख चन्दा दिन चाहेमा कर मिनाहा चाहिं २५ हजारको मात्र हुने भएकाले चन्दा दिन प्रोत्साहित नगर्ने देखिन्छ ।

कुनै पनि नाफा नकमाउने संस्था दर्ता गर्दा अहिले संस्था दर्ता ऐन, २०३४ अनुसार प्रमुख जिल्ला अधिकारी कहाँ दर्ता गर्नु पर्ने हुन्छ । यसै कानुन अनुसार कुचिकार, कलाकार, सुचिकार वा ब्यबसायिक संगठन देखि सबै खाले पैसा नकमाउने संस्था एउटै वर्गमा राखेर दर्ता गरिन्छ । यस्ता संस्थाको नविकरण प्रमुख जिल्ला अधिकारीले नगर्न पनि सक्छ । लेखा परीक्षण गर्नका लागि भनेर संस्थाको ३ प्रतिशत रकम लिन सक्छ र दर्ता खारेज भएको स्थितिमा संस्थाको सबै संपत्ति सरकारको स्वामित्वमा जान्छ । यस बाहेक गुठी संस्थान ऐन भएता पनि त्यस ऐनले ट्रष्ट को भावना संग सामञ्जस्य राख्दैन । अन्य देशमा पाइने ट्रष्टरुपी संस्थाको संपत्तिको स्वामित्व जस्तो सुकै अबस्थामा पनि सोही संस्थामा नै रहन्छ । नेपालमा छुट्टै ट्रष्ट ऐन वा आधुनिक चन्दा, दानलाई समेट्ने वा बढावा दिने कानुनी ब्यबस्था छैन । यसकारण पनि नेपाली कर्पोरेट क्षेत्रले भारत वा अमेरिकामा जस्तो ट्रष्ट स्थापना गरी चन्दा संकलन र परिचालनको काम गर्न नसकेको अनुमान गर्न सकिन्छ ।

परिच्छेद ७

# निश्कर्ष

● गएको चार वर्षमा प्रकाशित सामग्रीहरुको अध्ययन गर्दा मुख्यत: धर्म, शिक्षा, स्वास्थ्य र सामाजिक विकासका बिबिध क्षेत्रमा चन्दा, दान दिइने गरेको पाइयो । धार्मिक क्षेत्रमा खासगरी मन्दिर निर्माण तथा जिर्णोद्धारमा चन्दा दान प्रदान गरिएको छ। यज्ञ पुराण सप्ताह लगाएर पनि ठूलो रकम जम्मा गरिएको पाइयो जसबाट पछि मठ मन्दिर निर्माण वा अन्य कार्यमा लगानी गरिएको थियो । शिक्षा क्षेत्रमा विद्यालय भवन निर्माण, अक्षयकोष स्थापना र छात्रवृत्ति प्रदान गर्ने गरेको पाइयो । स्वास्थ्य क्षेत्रमा स्वास्थ्य चौकी निर्माण तथा स्वास्थ्य शिविर संचालन गर्नमा चन्दा दान भएको पाइयो । सामाजिक विकासका विविध क्षेत्रमा भएका चन्दा दान मार्फत भौतिक पुर्वाधार निर्माण, असहाय र पिछडिएका समुहको सामाजिक संरक्षण, अक्षयकोष स्थापना आदिमा चन्दा दान प्राप्त भएको छ । यस बाहेक प्रहरी चौकी निर्माण, राजनीतिक क्षेत्र, तथा खेलकुदका लागि पनि चन्दा परिचालन भएको छ । यस्तै यो अध्ययनको परिधि भित्र नपरेको साहित्य क्षेत्रमा पनि यथेष्ट चन्दा दान दिइएको छ ।

● चन्दादान खासगरी नगद, जिन्सी, श्रमदान तथा समयको रुपमा हुने गरेको छ ।

● बिभिन्न क्षेत्रमा भएका चन्दा दानको आयतन ठूलो छ । गत चार वर्षमा धार्मिक क्षेत्रमा झण्डै १९ करोड, शिक्षा क्षेत्रमा झण्डै नौ करोड, स्वास्थ्य क्षेत्रमा झण्डै तीन करोड र विविध सामाजिक क्षेत्रमा झण्डै २७ करोड रुपैया चन्दा दिइएको पाइयो । चार वर्षमा तीनवटा पत्रिकाबाट निस्केको यो रकम थोरै होइन । विगत चार वर्षमा चन्दा दिने प्रवृत्ति बढ्दै गएको देखिन्छ ।

● दाताहरुले धार्मिक क्षेत्रको विकास गर्न, मृतक आफन्तको इच्छा पुरा गर्न अथवा स्मृति कायम राख्न, सामाजिक प्रतिष्ठा बढाउन आदि कारणले चन्दा दान दिने गरेका छन् । त्यसैगरी शिक्षाको विकास गर्न, दीन दुखीको उपचारमा सहयोग गर्न, मानवीय हितका काममा समय सदुपयोग गर्न पनि चन्दा दान दिने गरेको पाइयो । बिभिन्न सुविधा उपभोग गर्न पाउने विश्वासमा तथा जातीय उन्नती गर्ने कार्यका लागि पनि चन्दा दान भइरहेको छ ।

● चन्दा दाताहरु धनी वर्ग भन्दा पनि नेपाली सन्दर्भमा मध्यम वर्ग भनिने वर्गकै सदस्यहरु रहेका छन् ।

● चन्दा दानको संकलन तथा परिचालन ब्यक्तिगत, सामुहिक वा संस्थागत रुपमा भएको पाइयो । करोडौं मुल्य पर्ने घर जग्गा पनि ब्यक्तिगत स्तरमा चन्दा दान दिइएको पाइयो । आमा समूह, कृषक समूह, ग्रामीण उत्थान समूह, सामाजिक क्लब आदि बाट सामूहिक रुपमा चन्दा संकलन र ब्यवस्थापनका कार्य भएका छन् ।

● आफुले उपभोग गर्न पाउने सामाजिक कार्य (जस्तो: पुल, बाटो आदि) मा धेरै स्थानीय सहभागिता तथा श्रोत परिचालन भएको पाइयो ।

● ब्यक्तिगत भन्दा सामूहिक लगानी भएका कार्यमा धेरै ठाउँबाट सहयोग जुट्ने गर्दछ । सामाजिक कार्यमा सरकारी सहयोग पनि परिचालन भएको पाइयो । जनस्तर र सरकारी साझेदारीमा पनि थुप्रै विकास निर्माणका कार्य भएको पाइयो ।

● खुद पुँजीको कमी, पारिवारिक रुची र नियन्त्रण बाहिरका चन्दा गुठीमा अरुची, चन्दा दानलाई प्रोत्साहन नगर्ने आयकर ब्यबस्था र ट्रष्टको अभावमा नेपाली कर्पोरेट क्षेत्रले चन्दा, दानको कार्यमा विशेष अभिरुचि देखाएको पाइएन ।

● मध्यम वर्गका सदस्यहरु नै चन्दा दिने ठूलो समुह हो । यो अवस्थामा थोरै रकम निरन्तर रुपमा दिने साधारण चन्दा-दाताहरुलाई संगठित गर्न सक्ने सक्षमता भएका चन्दा गुठी निर्माण गर्न आवश्यक देखिन्छ । उदाहरणको लागि १० करोड रुपैयाको अक्षयकोष जम्मा गर्न निम्न कार्यक्रम लागु गर्न सक्ने गुठी चाहिन्छ ।

चन्दा रकम: रु १००० प्रति महिना, प्रति ब्यक्ति

समय अवधि: २४ महिना

दाताहरुको संख्या: ४१६७ ब्यक्ति

जम्मा हुन जाने रकम: रु १००० x २४ x ४१६७ = १० करोड ८ हजार

(माथिको हिसाबमा २४ महिनामा जम्मा हुने ब्याज रकम जोडिएको छैन)

१० करोडलाई १० प्रतिशत ब्याजदरमा लगानी गर्न सके वर्षको १ करोड रुपैयाँ ब्याज मात्र उपलब्ध हुन्छ । त्यस मध्ये १५ प्रतिशत रकम गुठी ब्यवस्थापनको लागि वार्षिक खर्च भएको मान्दा (अन्तर्राष्ट्रिय हिसाबले त यो रकम २५/३० प्रतिशत मान्दा पनि हुन्छ) उक्त चन्दा गुठी संग वार्षिक हिसाब ले ८५ लाख रुपियाँ उपलब्ध हुन जान्छ । हाम्रो सन्दर्भमा यो सानो रकम होइन । दश करोड अक्षयकोष हुने थुप्रै चन्दा गुठीहरु नेपालमा स्थापना गर्न सकिने अबस्था छ ।

चन्दा दानलाई बढावा दिन निम्न ब्यबस्था गर्नु पर्ने देखिन्छ

● आधुनिक चन्दा गुठी/ट्रष्ट दर्ता र संचालन गर्न छुट्टै ऐन नितान्त आवश्यक छ । सो ऐनले गुठी दर्ता प्रक्रिया सरलीकरण गरी त्यस्ता गुठीको संपत्ति जुनसुकै अबस्थामा पनि सोही संस्थाको स्वामित्वमा रहने अथवा सरकारीकरण नहुने प्रत्याभूति प्रदान गर्नु पर्छ ।

● आयकर ऐन बमोजिम सार्बजनिक हितका लागि करदाताले चन्दा, दान दिंदाको खर्च कर निर्धारण गर्दा कट्टा गर्न पाउने ब्यबस्था छ । यस ब्यबस्थाबारे संभवत प्रचारको कमीले धेरैलाई जानकारी छैन । आयकर ऐनको उक्त प्राबधान बारे उचित प्रचार प्रसार गरिनुपर्छ । चन्दा दान दिनेलाई थप प्रोत्साहन गर्ने गरी ऐनमा संसोधन हुनु पर्छ । चन्दा दिंदा कर मिनाहा हुने रकमको सीमा र प्रतिशत बृद्धि गरिनुपर्छ ।

● यदि कुनै मानिसले आफ्नो संपत्ति सामाजिक (वा अन्य) कार्यका लागि दिन चाह्यो भने पनि विद्यमान कानुनले त्यसो गर्न दिंदैन । हकदाबी लाग्नेको भाग छुट्याएर मात्र उसले त्यस्तो कार्य गर्न सक्छ । अंश संबन्धी कानुन संसोधन गरी पैतृक संपत्तिमा सन्तानको स्वत: अधिकार हुने विद्यमान कानुनी ब्यबस्था हटाइनु पर्छ । आफ्नो संपत्ति इच्छा लागेको काममा चन्दा दिन सक्ने ब्यबस्था गरिनु पर्छ ।

● गुठी/ट्रष्ट स्थापना गर्दा समाजमा विश्वास आर्जन गरेका, कलंक रहित, संमानित ब्यक्तित्वहरु रहेमा सो गुठी प्रति धेरैको विश्वास, योगदान रहने हुन्छ ।

● चन्दा गुठीको संस्थागत प्रकृति र काममा पारदर्शिता र प्रष्टता शुरुदेखि नै हुन आवश्यक छ । यस्ता गुठी अनुदान दिने संस्था मात्र हुने (उदाहरणको लागि टेवा) वा कार्यक्रम लागु गर्ने संस्था पनि हुने भन्ने कुरा शुरुमा नै प्रष्ट हुनुपर्छ । गुठीले सहयोग गर्ने क्षेत्र र ती भित्र कार्यक्रमहरुको चयन पद्धति शुरु देखि नै प्रष्ट हुनुपर्छ ।

● निर्माण कार्य वा अन्य सामाजिक कार्यमा धेरै चन्दा दिने दाताको नाम शिलालेख, सूचना पाटीमा टाँस्ने र बिभिन्न समाचार माध्यमबाट प्रचार प्रसार गर्न सकेमा दाताहरु चन्दा, दान दिन अझ बढी प्रोत्साहित हुने देखिन्छ ।

● कोटीहोम, यज्ञ, पुराण, सप्ताह जस्ता धार्मिक कार्यमा मानिसहरुको धेरै संलग्नता देखिएको छ । यसबाट नगद, जिन्सी पनि निकै संकलन भएकाले अन्य प्रयोजन (जस्तोः स्कुल भवन निर्माण)का लागि यस्ता धार्मिक उत्सवहरु प्रयोग गर्न सकिने देखिन्छ ।

● सामाजिक कार्यमा श्रमदान गर्ने चलन निकै छ तर यसको राम्रो लेखा जोखा भएको छैन । यस्तो श्रमदानको मूल्य निकाल्ने हो भने अनुमान गरे भन्दा निकै बढी हुन्छ । श्रमदानको महत्तालाई पनि उजिल्याउनु आवश्यक छ ।

● आन्तरिक श्रोत परिचालन गरी स्थानीय ब्यक्ति, संस्था/समूह बाट विकास निर्माणका कार्य गरिएको, गर्न सकिने भएकाले यस्ता कार्यलाई बिभिन्न संचार माध्यमबाट प्रचार प्रसार गर्ने तथा यसबारे अरु अध्ययन, छलफल हुनु पर्ने देखिन्छ । यसबाट विदेशी सहयोग प्रतिको हाम्रो निर्भरता घट्ने र स्थानीय संस्थाहरुको विश्वसनियता एवं प्रभावकारिता अभिवृद्धि हुने देखिन्छ ।

# सन्दर्भ सामग्री


- डा. गोविन्द टण्डन, *नेपालमा गुठी व्यवस्था,* नेपाल अध्ययन समूह, २०५२ ।
- डा. गोविन्द बहादुर थापा, नेपालमा सामाजिक सेवाको प्रकृति र हालको स्थिति, *उत्साह,* मंसिर २०५० ।
- दामोदर पौड्याल, *समाज र राष्ट्रको उत्थानमा गुठीको भूमिका,* नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०४४ ।
- *पशुपति क्षेत्र बिकास कोष,चन्दा दाताहरुको नामावली एवं चन्दा विवरण,* पशुपति क्षेत्र विकास कोष सञ्चालक परिषद, २०५० ।
- प्रत्यूष वन्त, नेपालमा आधुनिक चन्दा गुठी किन र कसरी, *विकास,* वर्ष ८, अंक १६, २०५६ ।
- बलबहादुर स्वाँर, शालिकराम न्यौपाने, शिवकुमार बस्नेत, *नेपालमा सामाजिक बिकास र अन्तर्राष्ट्रिय सामाजिक संस्थाका गतिविधि,* सामुदायिक विकास सेवा संघ, २०५७ ।
- भीखमचन्द 'सरल', *अतिथि-सदन: रजत जयन्ती स्मारिका,* अतिथि सदन परिवार, २०५२ ।
- रामचन्द्र न्यौपाने, *परोपकार: सेवा र संघर्षको इतिहास,* परोपकार संस्था, २०५४ ।
- रुपा जोशी, केदार शर्मा, बसन्त थापा, *अलिकति टेवा: परोपकारको कला,* टेवा, २०५६ ।
- *सामाजिक सेवा राष्ट्रिय परिषद, समन्वय समिति तथा अन्तरगतका संस्थाबाट विगत आठ वर्षमा भएका गतिविधि (एक झलक),* सामाजिक सेवा राष्ट्रिय परिषद, २०४२ ।
- *सामाजिक सेवा राष्ट्रिय परिषद, समन्वय समिति तथा अन्तरगतका संघ संस्था सम्बन्धी अध्ययन प्रतिवेदन,* सामाजिक सेवा राष्ट्रिय परिषद, २०४४ ।
- सावित्री थापा, *नेपालमा समाज सेवा,* साझा प्रकाशन, २०३३ ।
- Indra Bikram Shah et al, *Social Service in Nepal: A Historical Perspective,* Social Service National Coordination Council, 1986.
- R.M. Lala, *The Heartbeat of a Trust: Fifty Years of the Sir Dorabji Tata Trust,* Tata-McGraw Hill Publishing Company, 1984.
- Rupa Joshi et al, *Twice Blessed: The art of giving*, Tewa, 2000.
- Lionel Caplan, Gifting and receiving: Anglo-Indian Charity and its beneficiaries in Madras, *Contributions to Indian Sociology* (n.s.) 32(2), 1998.
- Steven Levy, Behind the Gates Myth, *Newsweek*, 30 August 1999.


G-3854